जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक २४, २०७५ साल असोज १२ गते शुक्रबार, नेपाल संवत् ११३८ (Sept. 28, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## नेपालमा बढ्दै चिनियाँ लगानी

काठमाडौं (कास)- चीनले नेपालमा लगानी बढाएको छ । गत आ.व २०७४/०७५ मा चीनबाट ५० अर्ब रुपैयाँ लगानी गर्ने प्रतिबद्धता आएको छ । यस्तो प्रतिबद्धता त्यसअघिको वर्षमा नौ अर्ब रुपैयाँ बराबरमात्र थियो । दुई वर्षको तुलना गर्दा चीनबाट आएको लगानी प्रतिबद्धता चार सय ५५ प्रतिशतले बढेको छ । चीनबाट आउने व्यवसायी पनि नेपालमा बढेका **बाँकी ८ पेजमा**

## अब १६२ मुलुकसँग कूटनीतिक सम्बन्ध

काठमाडौं । नेपाल र माडागास्करले बिहीबार औपचारिक रुपमा कूटनीतिक सम्बन्ध स्थापना गरेका छन् । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली तथा माडागास्करका विदेशमन्त्री एलोइ अलफोन्स म्याक्सिम दोभोले यससम्बन्धी एक समझदारीपत्रमा हस्ताक्षर गरे । यसरी नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने मुलुकको सङ्ख्या १६२ पुगेको संयुक्त राष्ट्र सङ्घका लागि नेपाली स्थायी नियोगका अधिकारीले जानकारी दिए । **बाँकी ८ पेजमा**

# नेपालले रुवान्डाबाट किन नसिक्ने ?

काठमाडौं । दोस्रो संस्करणको संविधानसभा नेपालको संघीय गणतान्त्रिक संविधान जतिबेला लेख्दै थियो, छिमेकी मुलुक भारतले मधेसी दलहरुमार्फत मधेस आन्दोलनको आगो सल्कायो । भारतीय अभिष्टता थियो नेपालको सम्पूर्ण तराई भूभागलाई विस्तारै आत्मनिर्णयको अधिकारको अस्त्रद्वारा नेपालको मानचित्रबाट विखण्डन गराउने र भारतकै ३० औं मधेस प्रदेश बनाउने । मधसी दलहरुले भारतको दानापानीमा आत्मनिर्णयको अधिकारसहितको सम्पूर्ण मधेस एक प्रदेश (पूर्व झापादेखि सुदूरपश्चिम कञ्चनपुरसम्मको समथर भूभाग) का लागि निर्मम संघर्ष चलाए । इनधनलगायत दैनिक उपभोग्य वस्तुलाई राजधानी काठमाडौं छिर्न नदिएर काठमाडौंलाई नाकाबन्दी गरे । अघोषित रुपमा नेपालमाथि नाकाबन्दी गरेर भारतले नयाँ संविधान जारी हुन नदिने कष्टप्रद प्रयास गर्‍यो । त्यस्तो संगीन समयमा तत्कालीन एमाले अध्यक्ष केपी ओली भन्दै थिए- 'म नेपाललाई रुवान्डा बन्न दिन्न । अहिले ओली प्रधानमन्त्री छन् । उनीसँग दुईतिहाई बहुमतको तागत छ । हामीले भन्नुपर्ने भएको छ- सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाललाई रुवान्डा बनाइदिनोस् । यस्तै अवस्थामा नेपाललाई नराख्नोस् । कुनै बेला चिन्ता गरिन्थ्यो नेपाल रुवान्डा बन्ने भो तर अहिले कामना गर्नुपर्ने भएको छ- नेपाल रुवान्डा जस्तो बने हुन्थ्यो । आखिर किन ? रुवान्डा नेपालजस्तै भूपरिवेष्ठित अफ्रिकी मुलुक हो । त्यहाँ जर्मनी र बेल्जियमले आफ्नो उपनिवेश कायम गरेका थिए । युरोपेलीहरुले विशेषतः अफ्रिका र युरोपमा प्रभाव जमाएका थिए । उनीहरुले प्रत्यक्षभन्दा पनि आपसी द्वन्द्व गराएर आफ्नो प्रभाव विस्तार गरेका थिए । प्रथम विश्वयुद्धमा जर्मनी पराजित भएपछि रुवान्डामा बेल्जियमले जर्मनीको ठाउँ लियो । अल्पसंख्यक टाठाबाठा टुट्सी जातिको दबदबालाई बेल्जियमले प्रश्रय दियो । बेल्जियमले जातीय विभाजनको सूत्र रुवान्डामा प्रयोग गर्‍यो । हुटु, टुट्सी र ट्वा जाति चिन्नका लागि अनिवार्य जातीय परिचयपत्रको नयाँ नियम लागू गर्‍यो । बहुसंख्यकमाथि अल्पसंख्यकलाई प्रयोग गरेर शासन गर्ने फुटाउ र राज गरको रणनीति थियो यो । जातीय परिचयपत्रले हुटु र टुट्सीबीच द्वन्द्वको



बिउ रोप्यो । क्षमताभन्दा पहिचानका आधारमा राज्यले प्रदान गर्ने अधिकारको माग हुन थाल्यो । हुटुले हुटुलाई टुट्सीले टुट्सीलाई मात्रै अगाडि बढाउन थाले । जातीय भावनाले द्वेष र घृणालाई अघि बढायो । जन्मका आधारमा नभई जातीयताका आधारमा अधिकार पाइन्छ भन्ने सन्देश प्रवाह भयो ।

रुवान्डाको कानुनले नै जातीयताका आधारमा सरकारी ओहोदामा स्थान पाउने व्यवस्था गर्‍यो । जातजातिलाई खुसी बनाउने र अधिकार सुनिश्चित गर्ने नाममा गरिएको कानुनी निर्णय अन्ततः घातकसिद्ध भयो । सन् १९५० को दशकमा बेल्जियमकै अग्रसरतामा राज्यको मूलधारबाट टाढा पारिएका हुटुहरुलाई राज्यको महत्वपूर्ण स्थान दिन थालियो । यसमा उनीहरुको क्षमता अभिवृद्धिभन्दा पनि जातीयताको आधारलाई प्राथमिकता दिइयो । चलाख हुटुहरुले प्रशस्त लाभ लिए । सरकारी सेवामा हुटुहरुको प्रवेश बाक्लिन थाल्यो । हुटु जाति सदियौंदेखि शोषण र दमनमा परेका थिए । मिलेर देशको उन्नति गर्नुपर्नेमा विभेद र बदलाको भावना जागृत हुन थाल्यो । टुट्सीप्रति हुटुहरुले घृणापूर्ण व्यवहार गर्न थाले । टुट्सीहरुले विगतमा आफूहरुप्रति गरेको असमान व्यवहारलाई हुटुहरुले रंगरोगनका साथ बढाइचढाइ प्रस्तुत गर्दै स्थितिलाई उत्तेजित बनाउन थाले । हुटुले टुट्सीलाई विदेशी जातिको आरोप लगाउन पछि परेनन् । जातीय हिंसाका घटनाहरु हुन थाले । वास्तवमा रुवान्डामा हुटु र टुट्सी दुवै आदिबासी थिएनन् । टुवाँ जातिका थिए आदिवासी । **बाँकी ८ पेजमा**

## चीनले वास्ता गरेन प्रचण्डलाई

काठमाडौं । भारत भ्रमणबाट फर्किएपछि सत्तारुढ दल नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भदौ ३० देखि असोज ३ सम्म चीन भ्रमणमा गए । भारत भ्रमणका बेला प्रचण्डले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री राजनाथ सिंह, विदेशमन्त्री सुष्मा स्वराज र राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग भेटघाट र वार्ता गरे । प्रचण्डका लागि भारतीय प्रधानमन्त्री मोदीले डेढ घण्टा समय छुट्याएबाट भारतीय नेताहरुले प्रचण्डको दिल्ली भ्रमणलाई ठूलै महत्व दिएको प्रस्ट हुन्छ । बिमस्टेक संयुक्त सैन्य अभ्यासमा नेपालले भाग नलिने निर्णय गरेलगत्तै भारतले प्रचण्डलाई दिल्ली निम्त्याएको थियो ।

प्रचण्डले दिल्लीमा रहँदा हिन्दुस्तान टाइम्सको अनलाइन संस्करणलाई अन्तर्वार्ता दिँदै चीनतर्फ भन्दा नेपालको झुकाव भारततर्फ **बाँकी ८ पेजमा**

## राष्ट्रहित विपरीत नागरिकता संशोधन विधेयक

काठमाडौं । प्रतिनिधिसभामा पेश भएको नागरिकता ऐन २०६३ लाई संशोधन गर्ने विधेयक तत्काल रोक्न जनस्तरबाट माग गरिएको छ । विभिन्न राजनीतिक दलका नेता एवं प्रबुद्ध व्यक्तिले समेत सो विधेयक राष्ट्रहित विपरीत रहेकाले विधेयक तत्काल स्थगनमा जोड दिएका छन् । उनीहरुले सर्वाधिकार सम्पन्न नागरिकता छानबिन आयोग गठन गर्न पनि सरकारसँग माग गरेका छन् ।

भर्खरै संसदमा पेस भएको संशोधन विधेयकले विदेशीलाई नेपाली नागरिकता लिन सहज बनाएको र यसले राष्ट्रियतामाथि नै प्रहार हुने दलका नेता तथा प्रबुद्ध व्यक्तिहरुले बताएका छन् । २०७२ असोज ३ गतेभन्दा अघि जन्मेकालाई जन्मसिद्ध नागरिकता दिने, नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई वंशजको नागरिकता दिने, नेपाली आमाबाट जन्मेको र बाबुको पहिचान नभएका व्यक्तिलाई वंशजको नागरिकता दिने लगायत संविधानसँग बाझिएका प्रावधान नागरिकता संशोधन विधेयकमा समेटिएका छन् ।

काठमाडौंमा सम्पन्न एक अन्तर्क्रियामा सहभागीहरुले २०६३ सालमा ठूलो संख्यामा गैरनेपालीलाई नागरिकता वितरण गरिएको भन्दै त्यसको छानबिन गर्न आयोग गठन गर्न समेत माग गरेका छन् । संशोधन विधेयक नेपाललाई फिजी वा सिक्किम बनाउने अभिप्रायले आएको अन्तर्क्रियाका सहभागीहरुले आरोप लगाएका छन् । अन्तर्क्रियामा बोल्दै सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजंग रायमाझीले विधेयक जस्ताको तस्तै पारित भए नागरिकताको व्यापक दुरुपयोग हुने दाबी गरे । उनले कुनै पनि आन्दोलनको सहमति नागरिकतामा हुनु गलत भएको बताए । दलहरु गम्भीर हुनुपर्छ, अहिले नसच्याए पछि सम्हाल्नै नसक्ने अवस्था आउन सक्छ, उनको चेतावनी थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले भने- नागरिकता बाँड्ने विषय नै होइन, मान्छे हुलेको हुलै गर्ने अनि नागरिकता दिइरहने यस्तै स्थिति रहे केही समयपछि नेपाली पहिचान र सार्वभौमिकता गुमाउँछौं । पूर्वमहान्यायाधिवक्ता डा. युवराज संग्रौलाले यो नागरिकताको कुरा मात्र होइन, नेपालबाट मधेस छुट्याउन बहुमत पुर्‍याउने आशयले आएको हो, नागरिकता विधेयक घातक रुपमा ल्याइएको बताए । वरिष्ठ अधिवक्ता एवं प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्ष बोर्णबहादुर कार्कीले भने- विदेशीसँग विवाह गर्ने नेपाली महिलाका सन्तानलाई नेपाली नागरिकता दिए धान्न नसक्ने गरी जनसंख्या बढ्नेछ । जन्मको आधारमा नागरिकता दिने संवैधानिक र कानुनी व्यवस्थाबाट ठूलो संख्यामा विदेशीले नागरिकता लिएका छन् । सो अन्तर्क्रिया कार्यक्रममा बोल्दै सीमाविद् एवं पूर्व नापी विभागका प्रमुख बुद्धिनारायण श्रेष्ठले सीमा नियमन नगरुन्जेल नागरिकतासम्बन्धी समस्या समधान नहुने भन्दै खुला सिमानाका कारण नागरिकतामा चलखेल भइरहेको बताए । नेपाल भारत ओहोरदोहोर गर्ने ३ सय ६० वटा नाका राखेर सिमानामा तारबार गर्नुपर्छ, उनले भने । राजनीतिक विश्लेषक लालबाबु यादवले जो यो माटोमा जन्मेको हुँदैन, उसलाई देशको माया हुँदैन भन्दै अंगीकृत नागरिकतालाई प्रदेशभन्दा माथि जान दिन नहुने सुझाए । पूर्वप्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता झलनाथ खनालले राष्ट्रियता, स्वाधीनता, भौगोलिक अखण्डतासँग जोडिएको विषय भएकाले नागरिकता ऐन खुकुलो बनाउन नहुने बताए । माले महासचिव सीपी मैनालीले यथास्थितिमा विधेयक पारित भए देशको अस्तित्वमा संकट आउने चेतावनी दिँदै विधेयक तत्काल स्थगन गरी सघन छलफल गरिनुपर्नेमा जोड दिए । नागरिकता ऐन जारी भएको १२ वर्षपछि कुनै छलफलबिनै एक्कासी संशोधन विधेयक ल्याइएको भन्दै महासचिव मैनालीले विधेयक रोक्न माग गरे ।

## राष्ट्रिय अखण्डताप्रति मालेको चिन्ता



काठमाडौं । नेकपा (माले) को स्थायी कमिटीको विस्तारित बैठक विभिन्न महत्वपूर्ण निर्णयहरू गर्दै सम्पन्न भएको छ । बुधबार केन्द्रीय कार्यालय, रातोपुल काठमाण्डौमा महासचिव क.सी.पी. मैनालीको अध्यक्षतामा बसेको उक्त बैठकले गरेका केही महत्वपूर्ण निर्णयहरूलाई यस प्रेस-विज्ञप्तिमार्फत सार्वजनिक गरिएको छ । महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

'१. २०७५ असोज ३ गते संविधान दिवसका दिन प्रदेश नं. २ मा भइरहेका राष्ट्रिय अखण्डता विरोधी गतिविधिले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । मधेशलाई स्वतन्त्र देश बनाउने खुलमखुल्ला घोषणा गर्नेहरू स्वतन्त्रतापूर्वक बिखण्डनकारी गतिविधिमा लागेको देख्दा कहिं सरकारले नै विखण्डनकारीहरूलाई संरक्षण र प्रोत्साहन दिइरहेको त छैन भन्ने गम्भीर प्रश्न उत्पन्न भएको छ । यस बिषयमा सरकारले आफ्नो धारणा अबिलम्ब सार्वजनिक गरोस् तथा मुलुक विखण्डनको घोषणा गर्नेहरूललाई देशद्रोहको अपराधमा कानुन वमोजिम कार्वाही गरोस् भन्ने वैठक जोडदार माग गर्दछ ।

२. संविधान दिवसकै सन्दर्भमा प्रदेश नं. २ मा संविधान बमोजिम निर्वाचित मुख्यमन्त्री, मन्त्री तथा कतिपय विधायकहरू लगायतले संविधान दिवसलाई कालो **बाँकी ८ पेजमा**

## अपराधसंहिता संशोधन माग

काठमाडौं । नेपाल विद्यार्थी संघ चिकित्साशास्त्र केन्द्रीय समन्वय समितिद्वारा सोमबार राजधानीमा आयोजित कार्यक्रममा वक्ताहरुले चिकित्सको मागअनुसार भदौ १ गतेबाट लागु भएको मुलुकी ऐन संहिता संशोधन प्रकिया अघि नबढेको बताएका छन् । नेपाल विद्यार्थी संघ चिकित्साशास्त्र केन्द्रीय समन्वय समितिका संयोजक डा.चन्दन रमनले डाक्टरहरुमाथि हिँसाका घटनाहरु बढिरहेको चिकित्सकले गल्ती गर्‍यो भनेर त्यसको जरोसम्म नपुग्ने सोझै हातपात गर्ने कुराको विरुद्ध जेल वीथ आउट बेलको अवधारणा ल्याएको बताउँदै यो अवधारणा जनस्तरसम्म पुग्नुपर्नेमा जोड दिए । डा. रमनले स्वास्थ्य क्षेत्रमा तमाम खाले समस्या रहेको उल्लेख गर्दै यस्मा सरकारको ध्यान गएको छैन तर चिकित्सकहरुलाई कानुन बनाएर जेल कोच्ने कार्य भएको भन्दै तत्कालै ऐन संशोधनमा जोड दिए । उनले चिकित्सको मनोबल घटाउने हैन मनोबल बढाउने काम गर्न सरकारलाई **बाँकी ८ पेजमा**

## नेपालको आर्थिक वृद्धिदर ५.५ मात्र

काठमाडौ (कास)- एसियाली विकास बैंकले बुधबार सार्वजनिक गरेको ' माइक्रोइकनोमिक अपडेड' ले नेपालको आर्थिक बृद्धिदर घटदो अवस्थामा रहने औल्याएको छ । सरकारले चालू आ.व. २०७५/७६ मा ८ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण गरे पनि एडिबीले ५.५ प्रतिशतमा सिमित हुने प्रक्षेपण सार्वजनिक गरेको हो । एडिबीका अनुसार गत वर्षको बाढीका कारण कृषि क्षेत्रको वृद्धिदर २.८ प्रतिशतमा सिमित भएको थियो । आर्थिक वर्ष २०७३/७४मा कृषि क्षेत्रको वृद्धिदर ७.४ प्रतिशत थियो । गत आवमा औद्योगिक क्षेत्रको वृद्धिदर **बाँकी ८ पेजमा**


समय-सन्दर्भ

## निजगढ विमानस्थल निर्माणको वातावरणीय पक्ष

सुधा कार्ले

नेपाल जैविक तथा जलवायु विविधताका लागि विश्व प्रख्यात छ । होचो भाग तराई केचनाकवलदेखि हिमालसम्म पुग्दा नेपालमा संसारकै जलवायु, प्राणी अनि वनस्पती केवल १ लाख ४७ हजार वर्गमिटरभित्र पाइन्छ । संसारका चाहे वन्यजन्तु भनौं चाहे चराचुरुंगी अनि पुतली कही एकै देशमा पाइन्छ भने त्यो नेपाल मात्रै हो । ट्रेकिङ गर्ने नाममा विश्वका लाखौं पर्यटकहरु नेपाल आउने कारण पनि यही कारण हो । अनि यही पर्यटन नेपालको रेमिट्यान्सपछिको दोस्रो विदेशी मुद्राको स्रोत हुन सकेको हो । पर्यटन क्षेत्रले नेपालमा लाखौंको रोजगारी सिर्जना गरेको पनि छ । त्यसकारण नेपालमा पर्यटकीय पूर्वाधारको विकास गर्ने नाममा यहाँको जलवायु र जैविक विविधता नास गर्ने हो भने नेपाल आउने पर्यटकहरुको संख्या बढ्नुका साटो घट्न जान्छ भने सुन्दर नेपाल कथनीमात्रै सीमित हुन सक्छ ।

सन्दर्भ निजगढमा नेपालको नयाँ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने भन्ने कुराको हो । कुनै सर्वेक्षण र डिपिआरविना नै विमानस्थल बनाउने नाममा सरकारले प्रस्तावित विमानस्थल र त्यसको वरपरको



रुखहरु ढाल्ने योजना बनाएको छ जुन ज्यादै निन्दनीय छ । वातावरणविद, विकासकर्मी र सचेत नेपाली जनताले सरकारको यस्तो योजनाको खुला रुपमा विरोध गर्न थालिसकेका छन् भने सरकारले रुख ढाल्ने योजनाविना गतिलो गृहकार्य अगाडि बढाएमा यसको विपक्षमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा नै सरकारको विरुद्ध अभियान संचालन हुने लक्षण देखिएको छ । राष्ट्रिय गौरवको नाममा कुनै पनि योजना अगाडि बढाउँदा यसको वातावरणीय प्रभाव, जैविक तथा जलवायु विविधतामा यसले पार्ने असर, योजनाका कारण योजना क्षेत्रमा रहेका मानिस र वन्यजन्तु जीवनमा पर्नसक्ने खतराको मूल्यांकन गरेर मात्र यस्ता योजनाहरु अगाडि बढाउनु पर्दछ भन्ने आवाजलाई सरकारले कम आँकलन गर्नु हुँदैन ।

प्रस्तावित विमानस्थल निर्माण गरिने स्थल नेपालका पर्सा वन्यजन्तु आरक्षणको नजिकै पर्दछ । अति नै जैविक विविधताको धनी यो क्षेत्रमा बाघ, हात्तीलगायत विभिन्न दुर्लभ वन्यजन्तुको वासस्थान रही आएको छ । नेपालको तराईको वनजंगललाई हिमाली वनजंगलसँग जोड्ने मध्यवर्ती वन पनि यसै क्षेत्रमा पर्दछ जसको कारण यो वन्यजन्तुको जैविक मार्गको रुपमा पनि रहिआएको छ । विमानस्थल निर्माण गर्दा यस पक्षको गहिरो संवेदनशील विश्लेषण हुन जरुरी छ । यस्तो विश्लेषण र डिपिआरविना नै जंगल सखाप पार्न खोज्नु प्राकृतिक वातावरणमाथिको ठूलो अन्याय हुन गई वातावरणीय परिवर्तनको कारण देश नै मरुभूमि परिणत नहोला भन्न सकिन्न ।

झण्डै ८१०० हेक्टर जमिनमा फैलिने निजगढको प्रस्तावित विमानस्थल निर्माण गर्दा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# काम चोर ठेकेदारलाई कालोसूचीमा राख

सरकार विकासमा गुणात्मक फड्को मार्ने भनेर डंका पिटिरहेको छ । विकासको संवाहकका रूपमा रहेको भौतिक संरचनाको निर्माणमा भने चरम लापर्बाही र गुणस्तरहीन कार्य भइरहेको छ । समयमा काम नसक्ने आयोजनाहरूको सूचीमा सबैजसो पर्छन् भने निर्धारित समयमा गुणस्तरहीन काम सम्पन्न भएका आयोजनाहरू एक दुईवटा मात्र होलान् । अहिले पप्पु कन्स्ट्रक्सन कम्पनी नामको ठेकेदार कम्पनीको समाचारले दिनहुँजसो राष्ट्रिय सञ्चारमाध्यमहरूमा हलचल ल्याइरहेको छ । समयमा काम नसक्ने र गुणस्तरहीन काम गर्ने कम्पनीको रूपमा कुख्यात रहेको उक्त कन्स्ट्रक्सन कम्पनीका कारण राष्ट्रलाई अर्बौं नोक्सानी भएको र विकास पछाडि धकेलिएको अवस्था छ । समातेर सिधै हत्कडी लगाएर जेल हाल्नुपर्ने उसको कार्यशैली भए तापनि नेपाल राष्ट्र बैंकले भवन निर्माणको टेन्डर फेरि पप्पु कन्स्ट्रक्सनलाई नै दिएर दण्डको ठाउँमा उल्टै पुरस्कृत गरेको छ ।

पप्पु कन्स्ट्रक्सनले देशभर तीन दर्जन पुलको ठेक्का लिएको छ । पुल र अन्य आयोजनाहरू समेत गरी ४० आयोजना पप्पुले ओगटेको छ । झन्डै १२ अर्ब बराबरको काम हात पारेको पप्पुले २ अर्ब ५१ करोड बराबरको काम समय सकिएपछि पनि अलपत्र पारेको सडक विभागको तथ्यांकले देखाउँछ । उसले हात पारेका अधिकांश आयोजनाहरू अलपत्र अवस्थामा रहेका छ्न । राजधानीमा टेकु, डल्लु र तीन कुनेमा पुल निर्माणको जिम्मा पाएको उक्त कम्पनीले टेकुमा बनाएको पुल स्वीकृत भएको छैन भने २०७१ मै ठेक्का पाएको तीनकुनेको वाग्मती पुल अलपत्र पारेको छ । वाग्मती पुलमा दुई चार दिन काम गरेपछि फेरि महिनौंसम्म कामदार बेपत्ता हुने गरेको सर्वसाधारणले समेत सहजै देख्न सक्छन् । मुलुकभर पुल बनाउने सबैभन्दा बढी ठेक्का पाएको पप्पु कन्स्ट्रक्सन कम्पनी पूर्णतया असफल बनेको छ ।

सार्वजनिक खरिद ऐनअनुसार कम मूल्यमा ठेक्काको बोलपत्र हाल्ने कम्पनीलाई ठेक्का दिने गरिन्छ । पप्पुले कामै नगरी दाम हत्याउन अन्य कम्पनीभन्दा न्यून मूल्यमा टेण्डर हाल्ने गरेको छ । पप्पुको कमिसनमा बाँचेका गैरजिम्मेवार सरकारी इन्जिनियरहरूले उसका विगतका कामको नतिजाप्रति पूरै आँखा चिम्लिने गरेका छन् । पप्पु कन्स्ट्रक्सनका मालिक हरिनारायण रौनियार संघीय समाजवादी फोरमका सांसद हुन् । उनले फोरमको राजनीतिक आडमा साम, दाम सबै प्रयोग गरेर ठेक्का हात पार्ने गरेका छन् । पप्पु कन्स्ट्रक्सनले रौतहटमा अलपत्र पारेको पुलमा ठोक्किएर डुंगा दुर्घटना भएर पाँच जनाको ज्यान गयो । पप्पु कन्स्ट्रक्सनका अध्यक्षका रूपमा रहेका सुमित रौनियारलाई उक्त दुर्घटनाको जिम्मेवार ठहऱ्याउँदै रौतहट प्रहरीले पक्राउ गर्न खोजे पनि सकिरहेको छैन ।

अहिले सदनमा समेत पप्पु कन्स्ट्रक्सनको लापर्बाहीपूर्ण कार्यबारे सांसदहरूले आपत्ति प्रकट गरिरहेका छन् । सार्वजनिक खरिद ऐन संशोधन गरेर पप्पु जस्ता कम्पनीलाई तह लगाउनुपर्नेमा सांसदहरूको धारणा रहेको छ । त्यसैगरी राष्ट्र बैंकले ६ तले भवन निर्माण समेत पप्पुलाई दिएकोमा सांसदहरूले विरोध गरेका छन् ।

पप्पु कन्स्ट्रक्सन जस्तै अरू पनि केही ठेकेदार कम्पनी ठेक्का हत्याएर काम नगर्ने सूचीमा छन् । प्रचण्डका घरबेटी शारदा अधिकारीको सैलुङ्ग कन्स्ट्रक्सनले पनि धेरैवटा ठेक्का दिएर अलपत्र पारिरहेको छ । समयमा काम नसक्ने कम्पनीका कारण विकास निर्माण पछाडि धकेलिनुका साथै खर्च पनि बढ्ने भएकाले कामचोर ठेकेदारहरूलाई तत्काल कालोसूचीमा राखी नयाँ काम दिन प्रतिबन्ध लगाउनुपर्छ । त्यसैगरी बदनाम कम्पनीलाई प्रबर्द्धन गर्ने सरकारी कर्मचारीहरूलाई समेत कारबाही गर्न आवश्यक छ ।


# ६३ पछिका नागरिकता खारेजीको विकल्प छैन



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

प्रदेश २ का मुख्यमन्त्रीले हरेक वर्ष २ लाखभन्दा बढी भारतीयहरुलाई नेपाली नागरिकता वितरण गर्ने रे भन्ने सुन्नमा आएको छ । २ नं प्रदेशका सतारुढ मन्त्रीहरुले संविधान दिवसलाई कालो दिवसको रुपमा मनाएको पनि देखियो । झन् त्यसभन्दा अगाडि बढेर सिके रावत समूहले मधेश नेपाल होइन, एसियाको नयाँ स्वतन्त्र राष्ट्र मधेस भनेर जुलुसमा डिस्प्ले ब्यानर प्रदर्शन गरेको देखियो । त्यस्तालाई सिधै इन्काउन्टरमा गोली हानेर तितरवितर गर्नुपर्नेमा सुरक्षाकर्मीहरुले सुरक्षा दिएको पनि देखियो । नेपालमा एक करोड भारतीयहरु छन् भनेर भारतीय गृहमन्त्रीले सार्वजनिक रुपमै घोषणा गरेका हुन् । त्यसै गरी अर्की विदेशमन्त्री सुष्माले अमेरिकाको मानहट्टनदेखि नेपालको जनकपुरसम्म सबै ठाउँमा करोडौं भारतीयहरु छन् भनेर स्पष्टै भनेकी छिन् । राजा वीरेन्द्रको पालादेखि नै नेपालमा रहेको १ करोड भारतीय आप्रवासीहरुलाई नेपाली नागरिकता दिनुपर्दछ भनेर बारम्बार नेपालको संसदमा विधेयक पेस भएकै हो । तर हरेक पटक यो विधेयक लालमोहरको लागि दरबार पुग्दा यसलाई रायको लागि भन्दै सर्वोच्च अदालततिर धकेल्दिने कार्य राजाहरुले गरी विधेयकलाई असफल गरी आप्रवासी भारतीयहरुलाई नेपाली नागरिकता दिलाइ नेपाललाई फिजी हुँदै सिक्किम बनाउने भारतीय रणनीतिलाई चुनौति दिएकै कारण वीरेन्द्रको वंश विनाश र नेपालबाट राजतन्त्रको जरा उखेल्न भारत सफल भयो । त्यसको लगत्तै कांग्रेस, माओवादी अनि एमालेहरुले नागरिकता विधेयक पास गरी ६३ लाख भारतीयहरुलाई नागरिकता दिइसकेका छन् । यिनै नेपाली नागरिकता पाएका आप्रवासी भारतीयहरु हुन् जो अहिले स्वतन्त्र मधेसको माग गरिरहेका छन् र यिनीहरुको पछाडि भारत लागिरहेको छ । यिनीहरुले स्वतन्त्र मधेस भने तापनि यिनको उद्देश्य भनेको मधेसलाई रुसले क्रिमियालाई झै गरी भारतमा विलय गराउने हो । यसरी हेर्दा नेपालको गणतन्त्र र संघीयता नै नेपालको विखण्डन र भारतमा विलयको बलिया आधार बनेर दिन परदिन प्रस्ट भइरहेको परिप्रेक्ष्यमा अब नेपालमा राष्ट्रवादी क्रान्ति गरी सबै राजनीतिक दलहरुमा भएका भारतीय एजेन्टहरुको शिरच्छेदन गरी फुटबल नखेल्ने हो भने हाम्रा सन्तान दरसन्तान मात्र नभै हाम्रै पालामा स्वतन्त्र नेपालको भूगोल बंगाल, सिख, हैदरवादकै पारामा इतिहासको पानामा सीमित हुन बेर लाग्ने छैन । तसर्थ अबको देशभित्रको आन्दोलन भनेको भारतीय एजेन्टहरुको कत्तल गरी आप्रवासी भारतीयहरुको नेपाली नागरिकता रद्द गरी उनीहरुलाई भारततर्फ नै लखेट्नु हो भने क्षेत्रीय स्तरमा भारतीय विस्तारवादविरुद्ध चीनसहित सबै दक्षिण एसियाली राष्ट्रलाई एकत्रित गरी भारतलाई १७ टुक्रामा विखण्डन गर्नु हो । हालै भुटानमा भएको निर्वाचनमा भारतीय एजेन्टहरुको पराजय भई भुटानी राष्ट्रवादको पुनरुत्थान भई भुटान भारतीय पंजाबाट मुक्त भई पूर्णरुपमा स्वतन्त्र राष्ट्र बन्ने लक्षण देखिएको परिप्रेक्ष्यमा अब नेपालले पनि ६३ लाख भारतीयहरुले पाएको नागरिकता रद्य गर्दै नेपाल भारत सिमानामा न्यूनतम काँडेतार नभए पर्खालै बनाउने कार्यको तुरुन्त सुरुवात गर्नु पर्दछ । नेपाल राष्ट्रिय स्वतन्त्रता जोगाउने हो भने अब २०६३ पछि वितरण गरिएका नागरिकता खारेजीको विकल्प छैन ।

# बुझ्नैपर्ने कुरा



**जगदीश लामिछाने**
रौतहट, पौराई

एउटा मान्छेको जीवनभन्दा ज्यादै ठूलो जीवन राष्ट्रको हो । यसमा मान्छेहरु अरु प्राणीहरु र प्रकृति पनि सँगसँगै बाँच्न सक्छन् । त्यतिमात्र होइन, अरु छिमेकी राष्ट्र अथवा प्रभावशाली बन्न खोज्ने टाढाको राष्ट्रसँग पनि कुममा कुम जोडेर हिँड्न कोसिस गरी आफ्नै राष्ट्र पनि बनाउन समर्थ हुन्छन् । त्यसमा युगअनुसारका नीति अघि सार्ने हाम्रा हिमवतखण्ड नेपालका नेता पहिला श्री ५ पृथ्वीनारायण हुन् भन्ने त २०५ नं. अर्थात् २०७५ भदौ २३ गते स्वर्गीय योगी नरहरिनाथसम्बन्धी स्तम्भ लेखमै लेखियो । त्यसपछि पनि युगअनुसार अरु काम गर्ने नेता राजाकै रुपमा पनि भए । त्यस लगत्तैका नेता श्री ५ महेन्द्र पनि हुन् । उनले दुःखदायी स्थानबाट यो हिमवतखण्ड नेपाल पुनः अघि सारेको पनि उक्त लेखमै छ ।

यसैले एउटा युग फेर्न खोज्ने शासकलाई दुई कुरा अत्यन्त आवश्यकता पर्छ, यी दुई कुरामा पहिलो ऊ बसेको देश बाँचिरहनुपर्छ र दोस्रोमा त्यो देशसहित आफैं शासक पनि बाँच्न सघाउँछ । ती हुन्-

(१) स्वतन्त्र गृहनीतिमै विश्वभर पहिचान गराउने स्वतन्त्र परराष्ट्र नीति

(२) सुदृढ गुप्तचरी

यी दुई नभईकन अर्थात् राम्ररी सञ्चालन गर्न नजानेसम्म कुनै पनि देशको सरकारले जनसेवा राम्ररी सञ्चालन गर्न सक्दैनन् । यसैले त युगयुगका मुख्य प्रशासकका प्रयास खेर गएका छन् र उनी आफैं पनि दुर्नामका कलंकले पोतिनै परेको छ । अहिलेका सरकारहरु त्यसै त्यसै विकासका ठूला ठूला हौदामा चढी हिँडिरहेका भान हुन लागेको छ । झन् संघीयताका नाउँमा गाउँ गाउँमा सिंहदरबार पुगेको धाक लगाएर संविधान पाएपछि जनताको मतले जितेका प्रतिनिधिलाई लाखौं मात्र होइन, करोडौं खर्च गर्दा पनि व्यक्तिगत सुखसुविधा मात्र खोज्न मन लागेको छ । अहिले काठमाडौंको छँदाखाँदाको रानीपोखरी काठमाडौं महानगरप्रमुखले गर्दा वनबुट्यानले हेरिनसक्नु भएको छ । उता २ नं. प्रदेशलाई संघीय अधिकारको प्रमुख जिल्ला अधिकारी र प्रहरी आफ्नै अन्तर्गत राख्न परेको मात्र होइन, यही २०७२ असोज ३ को संविधान मान्दैनौं भन्न लाज लाग्न छोडेको छ । उता गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई वैधानिक वेश्या हुन् भनी 'कसै कसैलाई परिचय पत्र दिन पऱ्यो' भनी वक्तव्य निकाल्दा देशभर मात्र होइन विश्वभर महिला अपहेलित भएको कारण के हो ? भन्ने कुरा खोज्न नै गाह्रो लाग्न लागेको छ । यसबेला 'म महिला नेतृ हुँ' भन्नेहरु जिब्रो चपाएर केवल आमाको नाममा मात्र यो देश नेपालको नागरिकता पाए हुन्थ्यो भन्दा स्वदेशको हित बिर्सन लागेका छन् । यी सबैको चरित्र सम्बन्धमा विचार गरी मतदाताले नै निर्णय गर्न वा फिर्ता (recall) आदि तर्फ पनि विचार गर्न पाउने कानुनी अधिकार संघीयता पक्षधर निर्वाचित आफैंले मागेको देखिँदैछ । धमाधम जनता आवश्यक कर चाहिँ तिरी सेवा चाहिँ जनप्रतिनिधिको व्यक्तिगत हुनु मात्र कुनै औचित्य छ त ? संघीय सांसद सबैले नै विचार गरौं । आफ्नै चालु बैठकबाट तुरुन्त पास गरी लागू गरौं हुन्न र ? आफैंले तलब दिई पालिरहेका कर्मचारीहरुलाई नियमानुसार काम लगाउन निजामती सेवाको ऐन नै क्रियात्मक गुणकारी गर्न त कुनै गाह्रो छैन । यस्ता नमकहराम तलब भोगी कर्मचारीबाट म पीडित भएँ भनेर कुनै पनि क्षेत्रका सांसदले भन्नु त आफूले आफ्नै सामर्थ्य थाहा नभएको हैन र ?

अर्को कुरो प्रधानमन्त्री आफैंले पनि पत्रकारहरुले सोधेको कुरामा जनप्रतिनिधिहरुको तर्फ रहेजस्तो गरी सुरु सुरुमा भूल भयो होला भन्नुभन्दा नियम कानुनअनुसार हुन्छ भन्नु भए ठीक हुन्छ । किनभने जुन दिन जुन काम वा अपराध हुन्छ त्यो दिन लागू रहेको संविधान कानुन थाहा थिएन भन्न नपाइने न्याय प्रतिपादन भएकैले तत्‌तत् स्थानीय कानुनले मान्यता पाउने विश्व प्रसिद्ध कानुनी सिद्धान्तहरु आफैं बोल्ने हुँदा विभिन्न देशका राष्ट्रपति मन्त्री आदिले पनि सत्तामा रहँदा वा बाहिरिँदा पछि पनि सजाय पाएकै छन् । यसैले कानुनअनुसार हुन्छ भन्ने गर्नु नै राम्रो र निश्चित राय हुन जान्छ । विधिको शासनमा कार्यपालिका विधायिका र स्वतन्त्र न्यायपालिकाले संसारभरका प्रजातान्त्रिक देश चलेकै छन् र चल्नैपर्छ ।

नेपालमा श्री ५ पृथ्वीले एउटा काजी भर्ना गर्दा जनचाहना बुझी कालु पाँडे भर्ना गरेँ भनेकै छन् । १९९७ का ४ सहिद २००४ को संवैधानिक कानुन २०१७ को ३० वर्ष चलेको पञ्चायती व्यवस्थाले गाउँगाउँमा जागरण भई आवधिक चुनावमा जनता अभ्यस्त नै हुनाले आजका संघीय र १ देखि ७ नं. सम्मका क्षेत्रीय नगर तथा गाउँपालिका प्रतिनिधिले सेवाभावयुक्त कर्ममा मात्र सेवा उपयोग गर्न पाउँछन् नत्र पाउँदैनन्, न्यायपूर्ण समाज बनाउन र बन्न बाध्य छन् भन्नु मात्र आज कर्तव्य देखिएको छ ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–१७

एकनिष्ठ विवाह नारी-पुरूष दुवैका लागि प्रकृति प्रतिकूल छ। तसर्थ भौतिकवादीहरूले यस्तो जर्जर र पक्षपाती पद्धति भत्काई वैज्ञानिक विवाह पद्धतिनिर्माण गर्नुपर्छ।

नयाँ निर्माण हुने त्यो विवाह पद्धति कस्तो होला ?त्यसको स्वरूप र प्रयोग कस्तो हुन्छ ? यसमा रत्ति शङ्का छैन– त्यस्तो पद्धतिले नारी र पुरूष दुवैको हित गर्छ, समाज र संसारको तनाव मत्थर पार्छ, सबै मानवलाई समान न्याय गर्छ।

मानव जातिमा शान्ति र सुव्यवस्था छाउन, धरतीको सुरक्षा गर्न र हरेक नारी–पुरूषका प्राकृतिक समस्या समाधान हुन आधारशिलाको काम गर्ने त्यो महान्‌कदम हो **सामूहिक विवाह पद्धति**, जसको स्वरूप आदिम खालको नभई आधुनिक खालको हुनेछ।

आदिम साम्यवादी समाज अर्थात्पुरानो खालको सामूहिक परिवार१००-२०० सदस्यहरू मिली बनेको झुन्ड थियो।तर अब निर्माण हुने आधुनिक मातृसत्तात्मक समाजमा ८-१० जोडीहरू मिली एउटा परिवार बन्नेछ। परिवारमा रहने युवाहरूको उमेर करिब समान हुनेछ। अनि दुई वा दुईभन्दा बढी विपरीत नस्लवा सम्प्रदायका युवाहरूबीच हुने पारिवारिक सम्बन्धलाई अधिक प्रोत्साहन र प्राथमिकता मिल्नेछ। उदाहरणका लागि नेपालको तनहुँ, लमजुङ, चितवनमा गुरूङ, मगर, नेवार, थारू, घर्ती, दरै, कुमाल, ठकुरी, थकालीलगायत धेरै जाति र सम्प्रदायका युवाहरू एकै परिवारमा रहनेछन्।बाहुन, क्षत्री, दमाई, सार्की, कामी, गाइने, दशनामी जातिका युवतीहरू पनि सँगै रहनेछन्। त्यसरी नै दक्षिण-पूर्वी एसियाली मुलुकहरूबारे भन्नुपर्दा नेपाली, भारतीय, श्रीलङ्काली, पाकिस्तानी, बङ्गाली, मालद्विपी, अफगानी, भुटानी, मङ्गोल, आर्यन, द्रविड, निग्रो; अझ हिन्दू, इस्लाम, बौद्ध, क्रिस्चियन, सिख; त्यसै गरी सामन्तवादी, पुँजीवादी, साम्यवादी आदि सबै एकै परिवारमा रहनेछन्।स्टालिनकालीन सोभियत रूसको परिप्रेक्ष्यमारूसी, युक्रेनी, बेलोरूसी, पोलिस, कजाख, ककेसियन,लात्भियाली, आर्मेनियाली, अजरबैजानी, चेचेनी, किर्गिस्तानी, क्रिमियाली, कजाखआदि र क्रिस्चियन, मुस्लिम, बौद्धलगायत धार्मिक सम्प्रदायका युवाहरू रहनेछन्। चीनको परिप्रेक्षमा बहुसङ्ख्यक हान जातिभित्रका पनि सयौं जातजातिसँग तिब्बती, म्याओ, मङ्गोलियाली, इयुधुरजस्ता थुप्रै अल्पसङ्ख्यक जातिहरू; बौद्ध, मुस्लिम, क्रिस्चियन, कन्फुसियस, मेन्सियसजस्ता धार्मिक मतावलम्बी युवाहरूबीच आधुनिक सामूहिक परिवार स्थापना हुनेछन्।

त्यसरी नै आजको युरोपेली मुलुकमा इटालेली, बेलायती, जर्मन, पोर्चुगाली, स्पेनी, टर्केली, नर्वेली, स्विस, डच, चेक, युर्गास्लोचियनजस्ता विविध नस्लर धार्मिक सम्प्रदायका युवाहरूबाट आधुनिक सामूहिक परिवार बनिनुपर्छ।

अफ्रिकामा चाहिँ इजिप्टदेखि दक्षिण अफ्रिकासम्मका विभिन्न राष्ट्रका विभिन्न जाति, जनजाति, धर्म, संस्कृति र विचारका युवाहरूबाट आधुनिक सामूहिक परिवार बनिनुपर्छ। क्युवामा त्यहाँका आदिवासी (रेड स्किन), स्पेनी, फ्रान्सेली, पोर्चुगालीलगायत युरोपेली र अफ्रिकी युवाहरूबीच आधुनिक सामूहिक परिवार निर्माण गरिनुपर्छ। अमेरिका र क्यानाडामा पनि त्यहाँका रातो छालाका आदिवासी, युरोपेली, एसियाली र अफ्रिकी युवाहरू मिलाएर आधुनिक सामूहिक परिवार निर्माण हुनुपर्छ।

त्यस्तैस्थानअनुसार आदिवासी, आप्रवासी, पहाडी, मैदानी क्षेत्रका युवाहरूबाट त्यस्तो महान् समाज निर्माण हुन्छ। त्यसमा मराठी, बङ्गाली, तमिल, भोजपुरी, नेपाली, पन्जाबी, चौधरी, सिंहालीदेखि अर्थात् सबै जातजाति, भाषाभाषी, क्षेत्र र सम्प्रदायका युवाहरूलाई मिलाएर त्यस्तो महान् परिवार निर्माण गर्न सकिन्छ।यस्तो परिवार ३-४ पुस्ता गुजारेपछि अर्थात् एक ऐतिहासिक समय गुज्रिएपछि उक्त समाजमा जातीय, क्षेत्रीय, राष्ट्रिय, धार्मिक, सम्प्रदायिक भावनाहरू लुप्त भएर जानेछन्। विश्व मानव समाजमा शान्ति र सुव्यवस्थाका अनेक साम्प्रदायिक अस्तित्वहरू वस्तुतः लुप्त हुनैपर्छ– विश्व शान्ति र यो धरतीको सुरक्षाका लागि। विश्वभरि नै यस्तो समाज व्यवस्था स्थापना हुनैपर्छ, अनि मात्र मानवजातिको एकमात्र लक्ष्य र उद्देश्य अरबौं वर्षअगिदेखिको यो पृथ्वीको चिरकालसम्म संरक्षण र संवर्द्धन हुन सक्छ।मानवद्वारा निर्मित सबै खालका कृत्रिम जाति, धर्म, राष्ट्र, सम्प्रदायहरूको अस्तित्व र सर्वोपरिताको वकालत, चिन्तन र विचारहरूले वर्तमान समाज र संसारभरिको अशान्ति, अव्यवस्था, युद्ध र आतङ्कहरू यो धरतीका शत्रु हुन्, जसलाई चौतर्फी निस्तेज र विघटन गरिनुपर्छ।

स्मरणरहोस्,उल्लिखित सबै परिवारहरू समाजको एक अङ्ग रहनेछन्, जो स्कुल, अस्पताल, कृषि फर्म, उद्योगजस्ता कुनै पनि उत्पादनमूलक क्षेत्रमा जनता र जगत्‌जननीप्रति इमानदारी, बफादारी र सक्रियतासाथ लाग्नेछन्।त्यहाँ उत्पादनका साधनहरू सामूहिकीकरण र राष्ट्रियकरण हुनेछन्।त्यस्तो परिवारले एक ऐतिहासिक काल गुजारेपछि उपरोक्त समाज र अर्थव्यवस्थाले अन्तर्राष्ट्रियकरणको रूप लिनेछ। कतिपय कुराहरूत्यसअगि नै अन्तर्राष्ट्रियकरण नहोलान् भन्न सकिन्न। यातायात, बैङ्किङ, सूचनासञ्चारजस्ता कतिपय महत्त्वपूर्ण कुराहरूले आजै अन्तर्राष्ट्रिय रूप लिइसकेका छन्। तर निजी सम्पत्ति र एकनिष्ठ विवाह पद्धतिको संरचनामा बाँधिएको वर्तमान समाज र संसारका मुठीभर मान्छेहरूले मात्र त्यसबाट भारी लाभ लिइरहेका छन्, आमजनताले होइन।

निर्विवाद छ– विश्व समाजमा फैलिएकोयस्तो पारिवारिक सम्बन्धले सबै प्रकारका साम्प्रदायिक भावना मेटेर लानेछ। साथसाथै नारी र पुरूषका प्राकृतिक समस्याहरूलाई पनि समाधान गर्नेछ, जसले आज अनगन्ती विकृति, विसङ्गति, अशान्ति र दुखान्त घटनाहरू पनि भएका छन्।विज्ञानले पनि यो कुरा प्रमाणित गरेको छ– दुई विपरीतनस्लवा जातजातिका स्त्रीपुरूषबीच सम्बन्ध भई जन्मने बालबच्चाहरू मानसिक र शारीरिक दुवै रूपले उत्तम हुन्छन्।अवश्य नै सामूहिक परिवारमा जन्मनेबालबच्चाकोपिताबारे थाहा हुँदैन,माताको मात्र अस्तित्व रहन्छ।वास्तवमा यो मातृवर्गको प्राकृतिक अधिकार पनि हो भन्ने कुरा हरेक न्यायप्रेमी, इमानदार र क्रान्तिकारीहरूलेबुझ्नुपर्छ। पितृप्रधान शासनसत्ता समुल नष्ट गर्न एकनिष्ठ विवाह पद्धति भत्काउनै पर्छ र यहाँ मातृसत्तात्मक समाज व्यवस्था स्थापना गर्न आधुनिक 'सामूहिक परिवार' निर्माण गर्नै पर्छ।

*(क्रमशः)*

# मैले देखेको पैंसठ्ठीऔं विश्व सम्पदा :
# हेलसिन्कीको क्याथेड्रल

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा क्याथेड्रल यस्तो देखिन्छ



क्याथेड्रलभित्र सजाइएका पेन्टिङहरू



क्याथेड्रलभित्र दलिनमुनिको भित्तामा टाँसिएको पादरीको मूर्ति



क्याथेड्रलको क्रिप्ट (छिंडी) यस्तो रहेछ



क्याथेड्रल अगाडि रहेको रसियन बादशाहको मूर्ति



क्याथेड्रल मुख्य डोमसहित अन्य चार साना डोमहरू

टुर्कुको क्याथेड्रलमा र भार्टीभुओरी **Observatory** हेरिसकेपछि टुर्कुमा हेर्ने कुरा सकिएको थियो। दुई दिन यानाको घरमा बसेर तेस्रो दिन बिहानै ८ बजेको रेल लिएर म फिनलैण्डको राजधानी हेलसिन्कीतर्फ लागें र बिहानको साढे दश बज्दा म हेलसिन्की पुगिसकेको थिएँ । हेलसिन्कीमा चिने जानेको मित्र पनि नभएको र अवलोकन योग्यस्थल भनेको त्यहाँको हेलसिन्की क्याथेड्रल र उस्पेन्स्की क्याथेड्रल भन्ने थाहा पाएर म रेलवे स्टेसनबाट सोझै हेलसिन्की क्याथेड्रलतर्फ लागेँ ।

हातमा हेलसिन्की नक्सा लिएर क्याथेड्रलतर्फ लाग्दै जाँदा राजधानी हेलसिन्की हेर्ने अवसर पनि पऱ्यो । विस्तारै शहर अवलोकन गर्दै जाँदा करिब १ घन्टाको हिँडाइमा म क्याथेड्रल पुगेँ । बिहान यानाको घरमै ब्रेकफास्ट गरी हिँडेको र दिउँसोको खाना पनि यानाले प्याक गरेर दिएको हुँदा म दिनभरका लागि निश्चिन्त थिएँ र बिताएँ पुरै दिन क्याथेड्रल हेर्नतर्फ ।

**हेलसिन्कीको क्याथेड्रल**

यो फिनलैण्डको प्रोटेस्टेन्ट एभानजेलिकल लुथेरान चर्च रहेछ जहाँ हेलसिन्कीका विशप बस्दा रहेछन् । यो राजधानी हेलसिन्कीको मध्यभागस्थित क्रनुनहाकामा अवस्थित रहेछ । मौलिकरुप यो चर्चको निर्माण सन् १८३० देखि १८५२ को बीचमा भएको रहेछ । यो चर्च फिनलैण्डको ग्राण्ड ड्युक र रसियाका राजा निकोलास प्रथमप्रति समर्पित रहेछ । सन् १९१७ मा फिनलैण्ड स्वतन्त्र नहुञ्जेल यस चर्चको नाम सेन्ट निकोलास चर्च रहेछ । यस चर्च र यसको परिसरलाई हेलसिन्कीकै सबैभन्दा महत्वपूर्ण स्थल मानिदो रहेछ। क्याथेड्रलमा पस्ने बित्तिकै सबैभन्दा पहिले रसियन बादशाह अलेक्जेण्डर दोस्रोको मूर्ति देखिदो रहेछ। नवशास्त्रीय शैलीमा बनेको यो क्याथेड्रलको बीचका हरियो गजुर (डोम) लाई चारैतिरबाट अतिरिक्त ससाना गजुरहरुले घेरेको रहेछ । मुख्य क्याथेड्रलको डिजाइन कार्ल लुडभिग एञ्जेलले गरेका रहेछन् भने यसका ससाना चार डोमहरु उनीपछिका अर्का वास्तुविद ऐन्र्स्ट लोह्रमानले गरेका रहेछन। मुख्य चर्च क्याथेड्रलसँगै उनैले डिजाइन गरेको ससाना सुन्दर भवनहरु पनि रहेछन्। ग्रीक क्रस वास्तुकला याने बीचमा चार कुने स्क्वायर र चारैतिर एकै समानले फैलिएका मोहोडाहरु रहेछन् । यिनै लोहरमानले दुईवटा घण्टाघर क्याथेड्रलसँगै बनाएका रहेछन्, यसबाहेक १२ वटा पादरीहरुको घातुको पूर्णकदको मूर्ति बनाई क्याथेड्रलको छानामुनीको दलिनमा टाँसिएको रहेछ । क्याथेड्रलको स्टेजसहितको मुख्य प्रार्थना कक्ष (अल्टर) कार्ल टिमोलियनका पेन्टिङले सजाइएका रहेछन् जुन रसियन बादशाह निकोलास प्रथमले क्याथेड्रललाई उपहार दिएका रहेछन । क्याथेड्रलको छिडी (क्रिप्ट)को जिर्णोद्धार सन् १९८० मा वास्तुविदहरु भिल्हेल्म हेलाण्डर र युहा लेभिस्काले गरेका रहेछन्। यी छिडीहरुमा यदाकदा पुरातात्विक प्रदर्शनीको आयोजना पनि हुने गर्दो रहेछ । यो क्याथेड्रल हेलसिन्कीको विश्व प्रशिद्ध पर्यटकीय स्थलमा पर्दोरहेछ । हरेक वर्ष तीन लाखभन्दा बढी पर्यटकहरु र क्रिश्चियन तिर्थयात्रीहरु यो क्याथेड्रलको अवलोकन गर्दा रहेछन् । यहाँ नित्य पूजा र विवाहउत्सव पनि आयोजना हुँदा रहेछन् ।


**दाँते सोसाइटी नेपाल**

नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।

फोन : ९८५१०२३६७०, ४४४१८१२

**Office Equipment Problems?**
Get your solution today!

CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help

Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.

Our qualified technicians guarantee all of our work and parts.

Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

**समृद्ध नेपाल सुखी नेपाली, सामाजिक सेवा सबैको जिम्मेवारी**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना विभाग**

# बेसारका फाइदैफाइदा

बेसार नेपालमा सदियौंदेखि ऋषिमुनिहरूले यसको प्रयोग एक औषधिका रूपमा गर्दै आएको र आयुर्वेदमा यसको गुणहरूको पर्याप्त बयान गरेको पाइन्छ।

**धेरै पिसाब लागेमा**

धेरै पटक पिसाब गरिरहनु पर्ने, पानीको प्यास बढी लाग्ने भएमा वा मधुमेह (डायबिटिज) भएमा पनि यो औषधिले राम्रो फाइदा गर्दछ ।

**मात्रा**

बिहान,बेलुका ११ चम्चा शुद्ध राम्रो बेसारको धूलो पानीसँग खाने ।

**सुख्खा खोकिमा**

१ चिम्टी खाने खयर, १ चिम्टी बेसार तातोपानीसँग विहानरवेलुका खाने गरेमा २र३ दिनमा नै सुख्खा खोकि ठिक हुन्छ ।

**कुनै पनि घाउ, खटिरा वा काटेकोमा**

राम्रो शुद्ध बेसारको धूलो ५० ग्राम २०० ग्राम तोरी वा तिलको तेलमा पकाउने, राम्ररी पाकेपछि छानेर सिसीमा हालेर राख्ने आवश्यकता अनुसार कुनै पनि घाउमा ,कान दुखेमा कानमा हालेर निको पार्न सकिन्छ ।

**वायुगोलाको समस्या**

१ चम्चा घ्यू कुमारीको गुदी, १चम्चा राम्रो बेसार १ चिम्टी सिदेनून फिटेर तातो पानीसँग खाली पेट केही दिन खाएमा ठीक हुन्छ ।

**शरीर सुनिएमा मर्केमा**

५ ग्राम राम्रो शुद्ध बेसार दूधमा पकाएर बिहान बेलुका २४ दिन सेवन गर्नाले शरीरमा सुन्निएको साथै मर्केको पनि ठीक हुन्छ ।

**ग्लगाँड भएमा**

बिहान,बेलुका शुद्ध बेसार १ चम्चा खाने र घोटेर लेप बनाएर मनतातो पारी गलगाँडमा दिनदिनै लगाउने गरेमा ठीक हुन्छ तर धेरै पुरानो भए निको हुदैन ।

**पेट फुल्ने रोग भएमा**

हावा भरिएर पेट फुल्ने, दुख्ने, बटारिने भएमा १ चम्चा बेसार र १ चम्चा नून १ गिलास पानीमा पकाएर बिहान्बेलुका खानाले ठिक हुन्छ ।



**कफ जमेर दम हुनेमा**

आधा चम्चा बेसार दिनको ३ पटक मनतातो पानीसँग खाएमा कफ जमेर हुने कफ ठिक हुन्छ ।

**रूघा लागेमा**

ज्वानो र बेसार १ चम्चा दिनको ३ पल्ट १ गिलास पानीमा पकाएर खाएमा यसले रुघा पाक्छ र चाँडै आराम हुन्छ ।

**मुख, घाँटीमा घाउ आएमा**

२ चम्चा बेसार २ गिलास पानीमा पकाउने र १ गिलास भएपछि गारगल् कुल्ला दिनको २ पटक गरेमा ठीक हुन्छ ।

**खोकी लागेमा**

१ गिलास दूधमा १ चम्चा बेसार हालेर उमालेर दिनको २ पल्ट खाएमा ठिक हुन्छ । बेसारको टुक्रा पोलेर सुत्ने बेला चुस्ने गरेमा पनि खोकी ठिक हुन्छ ।

**टंसिल भएमा**

टंसिल दुखेकोमा बेसार र मह फिटेर रुद्रघण्टीमा बेलुका सुत्ने बेलामा लगाउने गरेमा ठीक हुँदै जान्छ ।

**हात्ती पाइले रोगमा**

गौत(गाईको पिसाब) आधा गिलास, १ चम्चा बेसार, १ चम्चा सखर हालेर नित्य बिहान्बेलुका खाने गरेमा हात्तीपाइले रोग ठीक हुँदै जान्छ ।

**वाथ भएमा**

घ्यू कुमारीको गुदी नित्य बिहानरबेलुका एकरएक चम्चा खाने गरेमा वाथरोग ठीक हुन्छ। मर्केको, चोट लागेको र सुनिएकोमा घ्यू कुमारीको गुदीमा बेसार मिसाउने र तताएर बाँधिदिएमा छिटै दुख्न कम हुन्छ, चोट पनि ठिक हुन्छ ।

**दाँत बलियो बनाउन**

रायोको तेलमा नून बेसार मिलाएर नित्य सुत्ने बेलामा औंलाले दाँत राम्ररी माझेर मनतातो पानीमा कुल्ला गर्ने गरेमा १र२ हप्तामा नै गिजा तथा दाँत जरैदेखि बलियो हुन्छ ।

**मर्केको र सुन्निएकोमा**

घ्यू कुमारीको गुदीमा बेसार मिसाउने र तताएर बाँधिदिएमा छिटै दुख्न कम हुन्छ, चोट पनि ठिक हुन्छ ।

# किन हानिकारक छ दूध चिया ?



विशेष गरी कालो चियामा प्रशस्तै एण्टि अक्सिडेन्ट र भिटामिन पाइन्छ, यसले रगतमा सुगरको मात्रालाई नियन्त्रण गर्छ, कोष क्षयलाई रोक्छ, मुटुसम्बन्धी रोगबाट पनि बचाउँछ तर चियामा अलिकति पनि दूध मिसायो भने त्यसले फाइदा भन्दा बढी बेफाइदा गर्दछ । दूधमा पाइने प्रोटिन 'क्यासिन' ले गर्दा चियामा पैदा हुने 'क्याटेचिन'को मात्रामा कमि हुने गर्दछ, ।

अमेरिकाका वैज्ञानिकहरूले चियामा दूध मिसाएर हुने असरको बारेमा अनुसन्धान गरेका थिए। त्यस अनुसन्धानको क्रममा उनिहरुले १६ जना स्वस्थ स्वयंसेवीकाहरूलाई एक दिन तातो पानी, अर्को दिन कालो चिया अनि अर्को दिन दूध चिया पिउन दिएर उनीहरूको मुटुमा भैरहेको गतिविधिलाई निरीक्षण गरेका थिए ।

तातोपानी मात्रै पिउँदा मुटुमा खासै त्यस्तो फरक परेन । कालो चिया पिउँदा मुटुको धमनी र रक्तनशालाई राहत पुग्यो तर दूध चिया पिउँदा ती महिलाहरूको मुटुको धमनी र रक्तनशामा हुने रगतको सञ्चारमा बाधा पुगेको थियो ।

**दूध चिया छुटाउन के गर्ने ?**

दिनमा २ कपभन्दा बढी दूध चिया पिउने बानी छ भने त्यो राम्रो बानी होइन । त्यसलाई तुरुन्तै हटाउनु उपयुक्त हुन्छ । बिहानको खाली पेटमा दूध चिया पिउँदा ग्यास्ट्रिकको समस्या देखा पर्छ । तर कालो चिया पिउँदा अनगिन्ती फाइदाहरु छन् ।

विश्वभरी नै चियाका पारखीहरु भेटिन्छन् । यसमा पाइने एन्टिअक्सिडेन्टले शरीरमा स्फूर्ती एवं इनर्जी भरिदिन्छ । चिया स्वादका लागी मात्र नभई स्वास्थ्यको हिसाबले पनि उचित मानिन्छ । मानिसहरु धेरैजसो रोज्दा कालो चियाभन्दा बढी दूध चिया नै रोज्ने गर्दछन् तर सकेसम्म स्वास्थ्यका हिसाबले दूधको चिया प्रयोग भने गर्नुहुँदैन । दूधको चियाले खाना अरुची हुने ग्यास्ट्रिक बढ्ने जस्ता समस्या देखा पर्दछन् ।

ब्ल्याक वा ग्रिन टी स्वास्थ्यका लागि निकै फाइदाजनक मानिन्छ । ग्रिन टीमा एन्टिअक्सिडेन्ट बढी हुन्छ । यस्तो चिया भने दिनको ४-५ पटक प्रयोग गर्दा रोगप्रतिरोधी क्षमता पनि बढ्छ ।

कालो चियामा भएको एन्टिअक्सिडेन्टले शरीरमा भएको बोसो कम गर्ने काम गर्छ । जसको परिणाम मानिस मोटोपनको सिकार हुन पाउँदैन । चियामा राखेको दूधले भने एन्टिअक्सिडेन्टको मात्रालाई घटाउने काम गर्छ । कालो चियाको प्रयोगले छिटो भोक लाग्ने समस्याबाट मुक्ति दिलाउनुका साथै शरीरमा शक्तिसमेत पैदा गर्छ । जसले मानिसलाई लामो समय क्रियाशील रहनका लागि सहयोग पुर्‍याउँछ ।

कालो चियाले पाचन प्रणालीलाई समेत व्यवस्थित गर्ने काम गर्छ । जसका कारण मानिस पेटको रोग लाग्नबाट बच्न सक्छ । कालो चियाको प्रयोगले पेटको दुखाइ, ग्यास्ट्रिकजस्ता समस्याबाट पनि मुक्ति दिलाउने काम गर्छ । नियमित रूपमा कालो चिया पिउँदा तौल र पाचन प्रणाली व्यवस्थित बन्छ । जसका कारण मानिसलाई 'हर्ट स्ट्रोक' को खतरा कम हुन्छ ।

अमेरिकन हर्ट एसोसिएसनको अनुसन्धानअनुसार कालो चियाले शरीरमा भएको खराब कोलेस्ट्रोल कम गर्छ । कोलेस्ट्रोल हर्ट स्ट्रोकका लागि खतरनाक मानिन्छ । कतिपय मानिसमा रोगप्रतिरोधी क्षमता कम भएका कारण छोटो-छोटो समयमा बिरामी हुने समस्याले दिक्क हुन्छ । यस्ता मानिसलाई पनि कालो चिया हितकर हुन्छ । कालो चियाले शरीरको रोगप्रतिरोधी क्षमतालाई बढाउँदै लैजाने काम गर्छ ।

यसले साइनस, डायरिया, निमोनियाजस्ता रोग लाग्ने सम्भावनालाई पनि दूर गर्ने काम गर्छ । कालो चियाले शरीरमा 'थैफ्लोविन्स' अर्थात् क्यान्सर बनाउन सक्ने कोषिकालाई हटाउने काम गर्छ । यस्ता कोषिका निर्मूल हुँदा विशेषगरी मानिसलाई 'ओवेरियन क्यान्सर' बाट जोगाउने गर्छ ।

हिन्दुहरूको महान पर्व
**बडादशैंको**
सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना अर्पण गर्दछौं ।
**नीलमणि बराल**
उपाध्यक्ष
समाज कल्याण परिषद्

visit nepal 2020 Lifetime Experiences

# पर्यटन राजधानीमै प्याराग्लाइडिङको मजा

काठमाडौं । काठमाडौंको उत्तर पूर्वी क्षेत्र शङ्खरापुर नगरपालिका(२ स्थित देउरालीमा सञ्चालित 'शङ्खरापुर प्याराग्लाइडिङ'ले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरिरहेको छ । पर्यटन पूर्वाधारको रुपमा लिइने मनोरञ्जनात्मक हवाई उडान (प्याराग्लाइडिङ) मा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएपछि यहाँ प्याराग्लाइडिङ खेल यसै वर्षदेखि व्यावसायिकरुपमा शुरु गरिएको हो ।

हिमाली शृंखलाका साथै काठमाडौं, भक्तपुर र मेलम्चीको समेत दृश्यावलोकन गर्न मिल्ने गरी व्यावसायिक उडान शुरु भएको शङ्खरापुर प्याराग्लाइडिङ प्रालिका प्रबन्ध निर्देशक कुशल थापाले बताए । विसं २०७० मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण र स्थानीय प्रशासनको अनुमतिमा परीक्षण उडान शुरु गरेको प्रालिले यस वर्षदेखि व्यावसायिक उडान शुरु गरेको हो ।



**नेपालीका लागि पाँच हजार ५०० रूपैयाँ शुल्क**

समुद्र सतहबाट एक हजार ९०५ मिटरको उचाइमा रहेको उक्त स्थानबाट उडान भरेपछि करीब ३० मिनेटको उडानपछि शङ्खरापुर नगरपालिका(२ पटापमा अवतरण हुन्छ । अहिले शङ्खरापुर प्याराग्लाइडिङ प्रालि नेपालसँग १२ जना सोलो (एक्लै) र चारजना व्यावसायिक पाइलट रहेका छन् । विदेशीका लागि प्रतिव्यक्ति एकसय अमेरिकी डलर र नेपालीका लागि पाँच हजार ५०० रुपैयाँ शुल्क निर्धारण गरिएको छ ।

राजधानीबाट नजीकै भएका कारण पनि साहसिक खेल मानिएको 'प्याराग्लाइडिङ' गर्ने पर्यटक दिनप्रतिदिन बढ्दै गइरहेको शङ्खरापुर 'प्याराग्लाइडिङ'का पाइलट अजय चौलागाईंले बताए ।'दैनिक छवटा ग्लाइडरमा २० भन्दा बढी उडान गराउँछौं, आन्तरिक भन्दा बाह्य पर्यटकको चाप झनै बढ्दै गएको छ,' चौलागाईंले भने- 'यहाँको प्राकृतिक सुन्दरताका कारण पनि यस क्षेत्रमा 'प्याराग्लाइडिङ' फस्टाउँदै गएको छ ।'

प्याराग्लाइडिङबाट सुन्दर दोर्जेलाक्पा, जुगल, गणेशजस्ता हिमशृंखलाको दृश्यावलोकन गर्दै इन्द्रावती नदी भेगका वस्तीको सौन्दर्यसमेत देख्न सकिन्छ। हालैका दिनमा पर्यटकको चाप बढ्दै गएपछि 'प्यारासुट बुकिङ' प्रक्रिया शुरु गरिएको उनको भनाइ छ । यहाँ सातामा झन्डै दुई सयभन्दा बढी पर्यटक 'प्याराग्लाइडिङ' गर्न आउने गरेका छन् ।

**"प्याराग्लाइडिङ" पोखरापछि पर्यटकको रोजाइमा देउराली**

देशकै पर्यटकीय शोभा बनेको पोखरापछि यस भेगको 'प्याराग्लाइडिङ' पर्यटकको रोजाइमा पर्न थालेको छ। अमेरिकी र युरोपेली मुलुकहरुबाट समेत राजधानी हुँदै उक्त स्थानमा प्याराग्लाइडिङ गर्न आउनेको संख्या दैनिक बढिरहेको चौलागाईंको भनाइ छ। उहाँका अनुसार पछिल्लो छ महिनामा करीब ३०० विदेशी तथा १०० आन्तरिक पर्यटकले उडान भरेका छन् ।

राजधानीबाट करीब २५ किलोमिरटको दूरीमा रहेको उक्त स्थानमा जान यातायातको सहज सुविधा हुने हो भने यो संख्या अझै बढ्ने उनको विश्वास छ । बिहानीपख मौसम खुलेको अवस्थामा विश्वको अग्लो शिखर सगरमाथाको चुचुरोसमेत यहाँबाट नियाल्न सकिन्छ । सुरक्षित अवतरणका लागि ११ पाइलटले समुद्री सतहदेखि एक हजार ९०५ मिटर माथि उडान गराउने प्रणाली प्याराग्लाइडिङमा रहेको पाइलट चौलागाईंले बताए । सोलो र 'टेन्डम' (पाइलट र पर्यटक) बसेर उड्ने फ्लाइटको सुविधालाई स्थानीय बासिन्दा र तालीम प्राप्त पाइलटले 'ह्यान्डलिङ' गर्ने गरेका छन् ।

'उडान शुरु गर्दा एक हजार ९०५ फिटमाथि हुन्छौं भने पटापमा ओर्लिंदा एक हजार ३७० मिटरको उचाइमा हुने गर्छौं'- उनले भने । स्थानीय बासिन्दा र केही पाइलटको पहलमा थालिएको 'प्याराग्लाइडिङ' अहिले मेलम्ची र शंकरापुर नगरको शान बनेको छ। 'प्याराग्लाइडिङ गर्दा खुसी भएकी छु, यहाँको सुन्दरता अद्भुत छ, प्याराग्लाइडिङमा उडेर हेर्न पाउँदा आफूलाई भाग्यमानी ठानेको छु'- चिनिया नागरिक आङ हुङ छानले भनिन् ।

यहाँ आउने पर्यटकको प्याराग्लाइडिङसँगै सिन्धुपाल्चोकको ह्योल्मो क्षेत्र, हेलम्बु गाउँपालिकाको हेलम्बुस्थित गुम्बा, माने छोर्तेन, गुफा छिर्ने लक्ष्य हुन्छ। हेलम्बु पदमार्गको अनुभवपछि फर्कदा राजधानी चाँडै पुगिने सडक भएकाले पनि यहाँको प्याराग्लाइड पर्यटनको सम्भावना थप बढेको छ। कम लगानी र तुरुन्तै बढी लाभ पाइने भएकाले यसको व्यावसायिक आकर्षण बढ्दो छ। करीब डेढ दशकअघि पोखराको सराङकोटबाट शुरु भएको प्याराग्लाइडिङ सेवा अहिले देशका विभिन्न स्थानमा फैलिसकेको छ ।

सान्जेन जलविद्युत कम्पनी लिमिटेड
Sanjen Jalavidhyut Company Limited
corporate office: Maharajgunj, Kathmandu Nepal



| Sanjen(Upper) Hydroelectric Project | | Sanjen Hydroelectric Project | |
|---|---|---|---|
| Location : | Chilime V.D.C of Rasuwa District | Location : | Chilime V.D.C of Rasuwa District |
| Project Type: | Peaking ROR | Project Type: | Cascade ROR |
| Installed Capacity: | 14.8 MW | Installed Capacity: | 42.5 MW |
| Annual Energy Generation: | 85.87 GWh | Annual Energy Generation: | 251.94 GWh |
| Design Flow: | 11.07 m3/s | Design Flow: | 11.07 m3/s |
| Head Gross: | 161.30m | Head Gross: | 442.0m |
| Peaking Pondage Gross Storage Capacity: | 40,000 m3 | Headrace Tunnel: | 13630.00m |
| Headrace Tunnel: | 1378.00m | Surge Tank: | 51.00m(h), 5.5~5.8(dia) |
| Surge Tank: | 40.00m(h), 6m(dia) | Penstock: | 1020m(l),1.06~2.5m(dia) |
| Penstock: | 478m(l), 1.1~2.5m(dia) | Turbine: | Pelton, Vertical Axis 3 nos |
| Turbine: | Francis, Horizontal Axis 3 nos | Powerhouse: | Surface Type |
| Powerhouse: | Surface Type | Transmission Line: | 132kV, 1.5 km |
| Transmission Line: | 132kV, 5km | | |

Phone Number: 977-01-4374275
Web: www.sjcl.com.np
email: sanjenhcl@gmail.com
P.O Box: 12667

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# विश्वका संस्कृति निर्माण गर्ने पाँच देश



विष्णु भट्टराई

विश्वमा कुनै देशको प्रभाव पार्दछ भने त्यस देशमा कुन नै कुनै महत्वपूर्ण कुरा रहेको हुन्छ । त्यसैको भरमा उसले विश्वमा प्रभुत्व जमाइरहेको हुन्छ । यसमा सैन्य बल, राजनीतिक दबदबा तथा आर्थिक सामर्थ्य मुख्य रूपमा रहेका हुन्छन् । तर । कुनै देश यस्ता हुन्छन् जसको संस्कृति नै मुख्य रहेको छ । खानपान, वेशभुषा तथा मनोरञ्जनले विश्वमा आफ्नो छाप छोड्न सफल भएका हुन्छन् । यस सांस्कृतिक रूपबाट प्रभाव जमाउन सफल भएका देशको हालै 'युएस न्युज एन्ड वर्ल्ड रिपोर्ट' ले केही मापदण्ड बनाएर सूचीकृत गरेको छ । यो मापदण्डमा त्यस देशको प्रतिष्ठा, वेशभूषा, खुसीपन, आधुनिकता तथा मनोरञ्जन आदिलाई हेरिएको छ । यस सूचीमा इटाली, स्पेन, फान्स, बेलायतलगायत युरोपीय देश शीर्ष १० मा आएका छन् । यसमा एसियाली देश जापान पनि रहेको छ ।

सूचीमा ब्राजिल (खुसीयाली तथा आधुनिक जीवनशैली) र अमेरिका (आधुनिक ताथ प्रभावशाली संस्कृति) पनि सामेल छन् । यहाँ यिनै सूचीमा परेका पाँच शीर्ष देशका मानिससँग गरिएका कुराकानीमा आधारित रहेर विश्वमा पारेको छापको बारेमा जानकारी लिन कोसिस गरिएको छ ।

**इटली**

वैलेटिनो, अरमानी, वरसाचे तथा गुचीजस्ता सुप्रसिद्ध डिजाइनर ब्यान्डको कारण इटलीले फेसनेबल तथा ट्रेडीका कारण १० नम्बर पाएको छ । यो कुराले लुसिया बुल्फाल्मनोजस्ता मानिसलाई धेरै हैरान पार्न सक्दैन । उनी आफैं 'द पावर मुब्ज डट कम' ब्लगको संस्थापक हुन् । तथा, रोममा उनी अब्रुजोसँग ताल्लुक राख्दछन् । उनको मान्यता रहको छ कि, 'यो कुरा विशेषगरी भनिन्छ कि इटलीका मानिस यो कुरामा विशेष ध्यान दिन्छन् जुन कुरा उनीहरूलाई राम्रो लाग्छ कि लाग्दैन । उनीहरू फेसनेबल के हो भन्ने कुरा आफै विचार गर्छन् ।' साडिनियाकी एन्जिला कोरियास रोममा बस्छिन् । उनी 'रोम एक्चुअली' नामक ब्लग लेख्छिन् । उनको भनाइ रहेको छ, 'खानादेखि फर्निचरसम्म, स्टाइलसँग सम्बन्धित हरेक चिज इटलीबाट धेरै हदसम्म प्रभावित भएका छन् ।'

सबैलाई थाहा छ यहाँको खानाको पनि छुट्टै प्रभाव रहेको छ । एन्जिला भन्छिन् यसको प्रभाव हेर्नका लागि तपाईं इटलीको रोममा जानुपर्छ । उनी भन्छिन्, 'यहाँ आर्थिक संकट छ तैपनि, रोमनका मानिस बाहिरको खाना खान छोड्दैनन् ।यहाँको पारम्परिक 'जायका' तथा त्यसमा लागेको आधुनिक 'छोंक' दुवैको स्वाद लिन सकिन्छ । उदाहरणका लागि, प्रान्तीय इलाकाको पोरतो रेस्टुराँले पारम्परिक कासिओ पेपे (पेस्ता, जसमा रोमन पेकोरिनो तथा मरिचको समिश्रण रहेको हुन्छ) लाई समुद्री भोजनको रूपमा पस्किने गरेको छ । यो सुन्नमा अनौठो लाग्न सक्छ, तर चिज र समुद्री खानाको मिलावट ज्यादै स्वादिष्ट हुन्छ ।'


इटलीमा एक अर्को मनमोहक सांस्कृतिक ठाउँ छ 'बोलोग्ना' । जुन पौस्टिक खानपानका लागि ज्यादै प्रसिद्ध छ । त्यस्तै, मिलान पनि सबैले मन पराउने सहर हो । किनकि, यस सहरलाई व्यापार र फेसनको गढ मानिन्छ । यहाँ पनि ठुल्ठूला राम्रा रेस्टुराँ रहेका छन् ।

**फ्रान्स**


आधुनिकता, प्रतिष्ठा तथा फेसनको मापदण्डमा सबैभन्दा धेरै कडा रूपमा आउने देशको रूपमा फ्रान्सलाई चिनिन्छ । फ्रान्सको यिनै विशेषताको नक्कल गर्न जो कोही पनि कोसिस गर्छन् । पेरिस निवासी रुबेन फिल्स भन्छन्, 'जबसम्म म मध्यपूर्व एसिया घुमेको थिइनँ तबसम्म मलाई यस कुराको कुनै थाहा नै दिएन कि आफ्नो संस्कृति कति प्रख्यात रहेको छ ।'

'बिन एराउन्ड द ग्लोब' नामक ब्लगमा आफ्नो यात्राको बारेमा फिल्स लेख्छन्, 'पिछडिएको ठाउँमा बस्ने मानिस पनि फ्रेन्च खान, फ्रेन्च कला तथा फ्रेन्च फेसनबाट ज्यादै प्रभावित रहेछन् । म इरानका धेरै मानिससँग भेटें, उनीहरूले मलाई बताएकी उनीहरू 'मोलिएर' लाई धेरै मन पराउँछन् ।

यो सुनेर म हैरान भएँ किनकी इरानका मानिस पनि 'मोलिएर' लाई जान्दछन् ।' पेरिस त्यस्तो ठाउँ हो जहाँ फेसनदेखि लिएर खानेसम्म सबैतः फ्रेन्च संस्कृतिको





अनुभव गर्न सकिन्छ । यहाँको बोर्डाक्स अर्को एक प्रतिष्ठित सहर हो । यहाँको इलाकामा धेरै राम्रो वाइन बनाइन्छ ।

पेरिसपछि यस सहरमा ज्यादै ऐतिहासिक भवन रहेका छन् । ल्यान, फ्रान्सको तेस्रो सबैभन्दा बढी भिड हुने सहर हो । यो आफ्नो पाककलाका लागि प्रख्यात रहेको छ । यो सहरले धेरै थ्री-स्टार मिसलिन सेफ पनि दिएको छ । त्यहीँ टालुज एक अर्को मनमोहक सहर रहेको छ । जसको दुई हजार वर्ष पुरानो गौरवशाली इतिहास रहेको छ । यसलाई 'ला विले रोज' को नामले पनि चिनिन्छ । फ्रेन्च आफ्नो चिनारीप्रति ज्यादै अभिमान गर्दछ । किनकि, यहाँको चिनारीले विश्वलाई एक नयाँ अनुहार दिएको छ ।

यसमा उसको आफ्नो भाषा फ्रेन्च पनि सामेल छ जुन अन्य देशका लागि ज्यादै मुस्किल रहेको छ । यसको बारेमा फिल्स भन्छन्, 'फ्रान्सका धेरैजसो मानिस टुटीफुटी अंग्रेजी पनि बोल्दैनन्, त्यसकारण बाहिरका मानिसका लागि यो जरुरी छ कि फ्रान्समा आएर यहाँको संस्कृतिमा आफूलाई बदल्नुपर्दछ ।'

**अमेरिका**

अमेरिका आधुनिकता तथा मनोरञ्जनको सवालमा ज्यादै प्रभावशाली रहेको छ । यहाँको फिल्म, संगीत तथा टिभी कार्यक्रम विश्वमै प्रख्यात हुने गरेको छ । विश्वका अन्य देशले पनि यस क्षेत्रमा काम नगरेका भने होइनन् । तर, अमेरिकाले यस क्षेत्रमा नयाँ उचाइ बनाएको छ । जस्तै, रिएलिटी टिभीको सुरुआत बेलायतबाट सुरु भएको थियो । तर, यसलाई विश्वभर लोकप्रिय बनाउने काम अमेरिकाले गर्यो । यो देश विकसित टेक्नोलोजीका लागि प्रख्यात छ । फेसबुक, ट्विटर, गुगल तथा एमेजन जस्ता ठूला प्रख्यात साइडहरू यसै देशले दिएको छ । यसलाई विश्वका करौडौं मानिस दिनहुँ प्रयोग गर्दछन् । विश्वमा प्रभावशाली बनाउनमा यहाँका मानिसको पनि उत्तिकै हात रहेको छ । यहाँका मानिस 'सम्भावनाको शक्ति' तथा ठूलो सपना देख्ने र त्यसलाई पूरा गर्नका लागि आफूलाई त्यसैमा समर्पित गर्नुपर्छ भन्ने कुरामा विश्वास राख्दछन् ।

युनभर्सिटी अफ फ्लोरिडाको टेली कम्युनिकेसन विभागका प्रोफेसर तथ ग्रेजुयट सोसल मिडिया पोग्रामका निर्देशक यन्ड्रयु सलेपकको भनाइअनुसार 'हामी अहिले पनि सपनामा विश्वास गर्छौं । यो सपना पूरा गर्न अमेरिकाजस्तो देशका लागि सम्भव छ ।

न्युयोर्क यस देशको सबैभन्दा ठूलो सहर हो । जहाँ सबै कुरामा ज्यूँदो-जाग्दो उदाहरण छ । फैंक सिनेट्राको अनुसार, 'यदि मैले यस सहरमा ठाउँ बनाउन सकेँ भने जुनसुकै वेला पनि आफ्नो छाप छोड्न सक्छु ।' कहिल्यै नसुत्ने सहरको रूपमा पनि यस सहरलाई लिइन्छ । यसको अर्को छेउमा छ लस एन्जलेसमा बसेको हलिउड । यसले अमेरिकी संस्कृतिको एक आकार दिएको छ । सलेपक भन्छन्, 'अमेरिकी टिभी सो तथा फिल्मले हाम्रो बोलचालको तरिका तथा लगाइमा पनि छाप छोडेको छ ।' न्युयोर्क र लस एन्जलेसको बिचमा समुद्र, मरुभूमि, खेत तथा पहाडको ठूलो भौगालिक दूरी रहेको छ ।

एक सर्वेअनुसार तीन सय मिलियन अमेरिकीलाई आफ्नो देशको विविधतामाथि गर्व रहको छ । बोस्टनवासी तथा 'द रनिङ पब्लिसिस्ट' मा ब्लग लेखक जोन सालास भन्छन्, 'हाम्रो पारम्परिक पृष्ठभूमिअनुसार हामी सबैको अलगअलग सांस्कृतिक मूल्य र मान्यता रहेको छ ।'

उनी भन्छन, तपाईं कस्तो व्यक्ति हुनुहुन्छ, अनि तपाईंको मन पर्ने र नपर्ने के हो । यसको आधारमा तपाईंलाई अमेरिकाको फरकफरक सहरमा फरकफरक तरिकाको अनुभव लिन सक्नुहुन्छ । कुनै पनि सहर एकअर्काका परिपूरक छैनन् । सबैको आफ्नै इतिहास रहेको छ, त्यहाँका मानिसका आफ्नै विशेषता रहको छ । यदि तपाईंलाई कुनै सहर मन परेन भने अर्को मन पर्ने सहरमा जान सक्नुहुन्छ ।'

**स्पेन**

कुनै समयमा विश्वको सबैभन्दा ठूलो विजेताको साम्राज्य रहेको स्पेनले दक्षिणी अमेरिकादेखि दक्षिण तथा दक्षिण-पूर्वी एसियासम्म आफ्नो छाप छोड्न सफल भएको थियो । विश्वमा सबैभन्दा बढी बोलिने भाषा चिनियाँ हो भने दोस्रोमा स्पेनिस पर्दछ । यसमा स्पेनको मूल भाषा, फिल्म, टिभी सो, संगीत आदिको ठूलो योगदान रहेको छ । गेलिसियाका इन्मा ग्रिगोरियोले 'ए वर्ल्ड टु टेबल' नामक एक ब्लगमा लेख्छन्, 'म जहाँ पनि जान्छु त्यहाँ मलाई आफ्नो देशको केही न केही छाप परेको देखेको छु ।

यसमा स्पेनिस भाषादेखि लिएर धर्म, खानपान, संस्कृतिलगायत धेरै कुरा पर्दछन् ।' स्पेनको खानपान विश्वभर प्रख्यात छ । बार्सिलोनामा बस्ने तथा 'बार्सिलोना इट लोकल कुलिनरी एक्सपिरियन्स' नामक बेवसाइटका संस्थापक एन्ड्रे एरियाज भन्छन्, 'स्पेनिसहरू खानपानका लागि शौखिन छन् । उनीहरूको खानाको मतलब हुन्छ, मिलजुल गरेर खानखानु चाहे साथीसँग होस् या अन्जानकोही । कोहीसँग पनि घुलमिल हुनु यस देशका मानिसको विशेषता हो । यहाँका मानिस परिवार तथा साथीका साथमा समय बिताउने काममा धेरै महत्व दिन्छन् ।

ग्रिगोरियो भन्छन्, 'हामी खाली बाँच्नका लागि काम गर्छौं, कामका लागि हामी बाँच्दैनौं । अन्य देशबाट आएका मानिसका लागि यो सजिलो छैन । उनीहरूले आरामसँग दिन काट्नुपर्छ र अबेरराती खाना खाने बानी बसाल्नुपर्छ । तर, यसमा केही हैरानी लिनुपर्दछ । किनकि, स्पेनका मानिस बाहिरबाट आएका मानिसलाई सक्दो मद्दत गर्दछन् ।'

**बेलायत**

बेलायतका नागरिकलाई आफ्नो काम, संस्कृति, रचनात्मक तथा नयाँ आविष्कार गर्ने सामर्थ्यमा धेरै गर्व गर्दछन् । लन्डनवासी लेखक अयान हकिन्स भन्छन्, 'हाम्रो विश्वविद्यालय विश्वको सर्वश्रेष्ठ विश्वविद्यालयमा गनिन्छ । हामीले यो भुल्नु हुँदैन कि मेसिनको कोड, कम्प्युटर तथा वर्ल्ड वाइड वेबजस्ता आविष्कारमा ब्रिटिनको ठूलो देन रहेको छ ।'

अंग्रेजी भाषाको प्रभाव तथा नरमदायी व्यवहारले बेलायतमा मानिस आफ्नो भविष्य बनाउन आउँछन् । हकिन्स भन्छन्, 'हाम्रो भाषा अन्य भाषाका शब्दलाई लिएर ज्यादै समृद्ध भएको छ । यसकारण मानिस अंग्रेजी भाषा सजिलैसँग सिक्ने गर्दछन् । ११ साल पहिले मेरो साथी केवल सात सय पाउन्ड लिएर भेनेजुएलाबाट लन्डन आएको थियो ।

उसलाई अंग्रेजी पनि आउँदैनथ्यो । अहिले ऊ एक प्रख्यात बिजनेस कन्सल्टेन्ट भएको छ । ३० भन्दा बढी पसल तथा रेस्टुराँ चलाउँछ ।' कोही पनि बेलायतमा आएर यहाँ आफूलाई ढालेर चाहेजति समय बेलायती बन्न सक्दछ ।' तर, बाहिरबाट आएका मानिसले यो कुरालाई विचार पुर्याउनुपर्छ कि बेलायती यो भन्दैनन् जसको असली मतलब निस्कछ ।

हकिन्सको भनाइ रहेको छ कि, 'बेलायतका मानिस प्रायःजसो जे भन्छन् त्यसको अर्थ त्यसको उल्टो हुन्छ । यो भाषा धेरै टुक्का, दोहोरो अर्थ लाग्ने शब्द तथा संकेतले भरिएको छ ।' व्यापार तथा आर्थिक केन्द्र भएका कारण बाहिरबाट आउने कामदारका लागि लन्डन पहिलो नम्बरमा आउँछ । तर, यस सहरमा घर किन्न भने सजिलो छैन । यहाँ म्युजियम, कन्सर्ट गर्ने ठाउँ तथा थिएटरको संख्या अत्यधिक रहेको छ । मेमुअल जोन्सनले एकचोटी भनेका छन्, 'यदि तपाईंलाई लन्डनदेखि दिक्क लागेको छ भने जिन्दगीबाट नै दिक्क लागेको छ ।'

यस कुरामा हकिन्स पनि सहमत छन् किनकी लन्डनमा यति धेरै आकर्षण छन् कि तपाईं प्रत्येक शनिबार र आइतबार केही न केही नयाँ अनुभव गर्न सक्नुहुनेछ । लन्डन मनोरञ्जनले भरिएको एक ठूलो सांस्कृतिक सहर हो तर, सांस्कृतिक प्रभावको दृष्टिले एडिनबरा पनि यसभन्दा कम छैन । यो सहरमा कलाको ठूलो फेस्टिबल लाग्दछ । एडिनबरा हेरी पोर्टरको जन्मभूमि हो ।

*(बीबीसीको सहयोगमा)*

## रोचक संसार

### फेसबुकको बढायो विकृति

सोसल मिडिया साइटहरु चिहान बन्दै गैरहेका छन् । एक रिपोर्ट अनुसार आगामी ४० वर्षभित्रमा जिवित भन्दा मृतक फेसबुक प्रयोगकर्ताको संख्या दोब्बर हुनेछ ।

एक तथ्यांक अनुसार फेसबुकमा ३ करोड अकाउन्ट यस्ता मानिसका छन् जसको मृत्यु भैसकेको छ । हरेक दिन ८ हजार फेसबुक प्रयोगकर्ताको मृत्यु हुने गरेको तथ्यांकले देखाएको छ ।

अझ रोचक त के भने सन् २०६० सम्ममा फेसबुक प्रयोग गरिरहेका जिवित मानिसहरुको तुलनामा मृत्यु भैसकेका फेसबुक प्रयोगकर्ताको संख्या दोब्बर हुनेछ । आखिर अवस्था यस्तो हुँदा पनि मृतकको फेसबुक अकाउन्ट किन डिलिट गरिँदैन त ?

हामीले देखेकै कुरा हो कुनै मृतकको फेसबुकको टाइमलाइनमा मृतकका शुभचिन्तक, साथीभाई आदिले यस्ता शव्दहरु लेखेका हुन्छन् मानौं त्यो व्यक्तिले तत्काले रिप्लाई देओस् । मरेको मानिसको टाइमलाइनमा जन्मदिन तथा कुनै विशेष दिनको शुभकामना मात्र होइन फ्रेण्ड रिक्वेस्ट समेत पठाउँछन् मानिसहरु । मरेका मानिसका सोसल मिडिया अकाउन्टहरु डिलिट नहुँदा डिजिटल चिहान खडा भैरहेको छ । तर यसको एउटा सकारात्मक पाटो पनि छ । त्यो के भने मृतकको सम्झना तथा विरासतलाई जोगाईराख्नका र नयाँ पुस्तालाई त्यस व्यक्तिको इतिहाससँग जोडिराख्नका लागि यो भन्दा उत्कृष्ट मञ्च अरु छैन ।

### बियर फेस्टिवल

जर्मनीको म्युनिखमा लगातार १७ दिनसम्म चल्ने विश्वकै भव्य मदिरा पर्वको रुपमा रहेको अक्टोबरफेस्ट सुरु भएको छ । यो बियर फेस्टिबलमा सहभागी हुन विश्वभरका मानिसहरु म्युनिख पुगेका छन् । सहर पूरै रमझममा डुबेको छ । म्युनिखमा हरेक वर्ष बियर फेस्टिबलको आयोजना हुन्छ । पर्वमा म्युनिखबासीहरु पारम्परिक वस्त्र लगाएर घोडाको रथमा चढेर रक्सी पर्वमा जान्छन् ।

यो मदिरा पर्वमा मानिसहरु बियर पिउनुको मज्जा लुट्दछन् । म्युनिख सहरको हरेक सडक झकिझकाउ हुन्छ । सबैका हातमा बियरको मग हुन्छ । बियरको नशामा झुमिरहेका हुन्छन् । झुण्डझुण्डमा युवायुवतीहरु हुन्छन् । हरेक उमेरका मानिसहरु यो फेस्टिबलमा रमेका हुन्छन् । पर्वमा बियरसँगै जर्मनीका



परम्परागत परिकारहरुको स्वाद पनि लिन पाइन्छ ।

गत २२ सेप्टेम्बरबाट सुरु भएको यो पटकको १ सय ८५ औं बियर पर्व आगामी अक्टोबर ७ सम्म चल्नेछ । रोचक त के भने यो बियर पर्वमा केवल म्युनिख सहरमा उत्पादित बियर मात्र उपलब्ध हुन्छ ।

यो पर्वमा यतिधेरै बियर खपत हुन्छ कि त्यसबाट ठूलै ट्यांकी भरिन्छ । सन् २०१४ मा यो पर्वका बेला ६९ लाख लिटर बियर खपत भएको थियो भने सन् २०११ मा ७५ लाख लिटर बियर ।


### विश्वकै ठूलो लामखुट्टे

चीनमा विश्वकै सबैभन्दा ठूलो आकारको लामखुट्टे फेला परेको छ । सिचुआन प्रान्तका जिव वैज्ञानिकहरुले यो भिमकाय लामखुट्टेको खोजी गरेका हुन् । पखेटा फैलाउँदा यो



लामखुट्टेको आकार ११.१५ सेन्टिमिटर हुन्छ । यो लामखुट्टे हालोरुसिया मिकादो प्रजातिको हो । सबैभन्दा पहिले यो प्रजाति जापानमा पाइएको थियो । गत अगष्टमा चीनमा पहिलोपटक यो प्रजातिको सबैभन्दा ठूलो लामखुट्टे फेला परेको हो । यो लामखुट्टे देख्दामा निकै डरलाग्दो देखिन्छ । तर यसले मानिसको रगत चुस्दैन । फलफूलको रस आदि यसको आहारा हो । विज्ञहरुका अनुसार विश्वमा लामखुट्टेका हजारौं प्रजातिहरु छन् । त्यसमा केही १ सय जति प्रजातिहरुले मात्र मानिसको रगत चुस्ने तथा अन्य खाले स्वास्थ्य समस्या सिर्जना गर्ने गर्दछन् ।

### जनावरका सोखिन



उनको घरभित्र गोमन सर्प घुमिरहेको देखिन्छ । ५० किलो तौलको कछुवा बाहिर बगैंचामा डुलिरहेको हुन्छ । बेडरुममा जानुभयो भने मज्जाको ओछ्यानमा एउटा घडियाल सुतिरहेको हुन्छ । आखिर कस्तो घर हो यो ? देख्दैमा विचित्र तथा डरलाग्दो लाग्ने यो घर फ्रान्सको नान्टेसमा रहेको छ ।

६७ वर्षका फिलिप जिलेटले आफ्नो घरमा एकदुई वटा होइन पूरै ४ सय पूकारका खतरनाक जिवजन्तु पालेका छन् । पछिल्लो २० वर्षदेखि फिलिप यस्ता खतरनाक जिवजन्तुसँग बस्दै आएका छन् । घरभित्र हरेक जिवजन्तुलाई आफ्नै खालको वातावरण प्रदान गरिएको छ । छुट्टाछुट्टै बस्ने प्रबन्ध गरिएको छ । उनी आफुले पालेका सबै जिवजन्तुलाई आफैले खाना खुवाउछन् र आफ्नै सन्तानलाई जस्तो माया गरी राखेका छन् । उनका अनुसार मानिसले जनावरको आनीबानी र गुण नबुझ्नाले जनावरहरुमाथि नराम्रो व्यवहार गर्ने गरेका हुन् । जब मान्छेले जनावरलाई बुझ्दछन् तब आफै जनावरसँग नजिकिने उनको भनाई छ । घरमा पालेका दुईवटा घडियाल गोहीको नाम उनले ऐली र गेटर राखेका छन् । उनले गोहीको छाला उत्पादन गर्ने कारखानाबाट उद्धार गरी ती गोही ल्याएका हुन् ।


### सबैभन्दा ठूलो औंठी



दुनियाँमा सुनचाँदीका शौखिन मानिसहरुको कमी छैन । सुनका गहनाहरु किन्न मान्छेहरु मरिहत्ते गर्छन् । महिला होस् वा पुरुष सुनका औंठीहरुप्रतिको आशक्ति अचम्मको हुन्छ । आज हामी तपाइँलाई यस्तो औंठीबारे बताउँदैछौं जुन चानचुने होइन । यो दुनियाँकै सबैभन्दा ठूलो सुनको औंठी हो, जुन ८२ किलोभन्दा धेरै सुनबाट बनेको छ । चीनको एक कम्पनीले यो औंठी बनाएको हो । सांघाइमा हालै यो औंठीको प्रदर्शनी गरिएको छ ।

८२.२ किलो सुनबाट बनेको यो औंठीमा ९९.९९ प्रतिशत शुद्ध सुनको प्रयोग गरिएको छ । यो औंठीको मूल्य झण्डै ४८ करोड रुपैयाँ पर्ने बताइएको छ । गिनिज बुक अफ वर्ल्ड रेकर्डस्ले यो औंठीलाई विश्वको सबैभन्दा ठूलो औंठीको रुपमा दर्ज गरिसकेको छ । यसअघि यो कीर्तिमान युएइको नाममा थियो । युएईको दुबईमा यसअघि ६४ किलोको औंठी बनाइएको थियो ।

### सुन गोदाम




विश्वको सबैभन्दा शक्तिशाली देश अमेरिकासँग अथाह धनसम्पत्ति र सुन छ भन्ने कुरा त हामी सबैलाई थाहा छ । अमेरिकासँग भएको अर्बौं डलर मूल्यको सुनमध्ये ठूलो हिस्सा चाहीँ केन्टकीस्थित एक गोदाममा रहेको छ । केन्टकीको फोर्ट नक्सस्थित एक सैनिक अड्डा नजिकै रहेको बुलियन डिपोजिटरी भनिने सुन गोदाममा झण्डै ४६ लाख किलो सुन रहेको छ । सैनिक अड्डा सहितको उक्त सुन गोदाम १ लाख ९ हजार एकड क्षेत्रफलमा फैलिएको छ ।

गोदामघरको छत बम प्रतिरोधी रहेको छ भने भित्ताहरु बाक्लो ग्रेनाइटबाट बनाइउको छ । यसमा अत्याधुनिक सुरक्षाको प्रविधि रहेको छ । २४ सै घण्टा हेलिकप्टरबाट यसको निगरानी गरिन्छ ।

गोदामघरको ढोका नै २२ टनको रहेको छ । ढोकाहरुमा कुनै भोटेताल्चा होइन कोड लक सिस्टम रहेको छ । यो गोदामघर दुनियाको सबैभन्दा सुरक्षित भवन मध्येको एक हो । सायद सबैभन्दा सुरक्षित भएरै होला यस घरभित्र दुनियाका विभिन्न देशहरुले समेत आफ्ना बहुमुल्य सम्पत्ति राखेका छन् । युरोपका विभिन्न देशहरुले आफ्नो सुन मात्र होइन बेलायतको म्याग्नाकार्टाको सक्कल प्रति, बेलायतको राजाको गहना, अमेरिकी संविधानको सक्कल प्रति त्यहाँ संग्रहित रहेको छ । अमेरिकी अर्थ मन्त्रालयले सन् १९३६मा यो भवन बनाएको थियो । यो स्थान अमेरिकाको ऐतिहासिक स्थानको राष्ट्रिय सूचिमा रहेको छ ।

### चोरले किन चोर्‍यो कागती ?

पैसा, सुनचाँदी, कपडा, गाडी लगायतका चिजहरु चोरी भएका घटना सुन्नमा आइरहन्छन् । तर अमेरिकामा हालै एक व्यक्तिले ३ सय ६२ किलो कागती चोरी गरेको घटना सार्वजनिक भएको छ ।

अमेरिकाको क्यालिफोर्नियास्थित शेरिफमा यो घटना भएको हो । यतिधेरै कागती किन चोरेको होला एकजना व्यक्तिले ? अझ त्यतिधेरै कागती चोर्ने मानिसको उमेर नै ६९ वर्षको थियो । आखिर ती वृद्ध चोरले त्यतिधेरै कागती चोरेर के गर्ने योजना बनाएका रहेछन् ?

कागती चोरेर लैजाँदै गर्दा पुलिसले उक्त मानिसलाई पक्राउ गर्न सफल भएको छ । साथी चोरी गरेका ३ सय ६२ किलो ताजा कागती पनि पुलिसले बरामद गरेको छ ।

झण्डै चार सय किलो कागती चोर्ने व्यक्तिको नाम फियर्रोस हो । चोरीको आरोपमा ती व्यक्तिलाई जेल चलान गरेको छ । अमेरिकामा ३ सय ६२ किलो कागती चोरी भएको घटना यस्तो अनौठो घटना पहिलो भने होइन । यहीँ वर्ष स्पेनमा पुलिसले चोरी गरिएका ४ हजार किलो सुन्तलासहित एउटा कार बरामद गरेको थियो ।

## प्रेरक प्रसंग

# सबैको घरमा मृत्यु

आफूले पाएको ज्ञान विभिन्न ठाउँमा बाँड्नका लागि भगवान् बुद्ध विभिन्न गाउँको भ्रमणमा जाने गर्नुहुन्थ्यो । यसै क्रममा बुद्ध एउटा नयाँ गाउँमा जानुभयो । सम्बोधी प्राप्त बुद्धको आगमनले गाउँमा निकै हर्ष उल्लास थियो तर त्यही गाउँकी एक महिला आफ्नो छोराको झाडापखालाका कारण भर्खरै मृत्यु भएको हुँदा शोकमा डुबिरहेकी थिइन् । उनलाई कुनै पनि कुरा राम्रो लागेको थिएन । उनी जोसँग पनि 'मेरो छोरा बचाइदेऊ' भन्दै बिलौना गर्ने गर्थिन् ।

उनलाई धेरैले सम्झाउने कोसिस त गरे, तर कसैले पनि सम्झाउन सकेका थिएनन् । गाउँका एकजना मानिसले उक्त नारीलाई भगवान् गौतम बुद्धकोमा जान सुझाव दिए । त्यसैअनुसार उनी आफ्ना मरेको छोराको लास लिएर बुद्ध भएको ठाउँमा गइन् र बुद्धसमक्ष बिलौना गरेर भन्न थालिन्- 'हे प्रभु तपाईंले गर्न नसक्ने के होला, मलाई कृपा गरेर मेरो छोरालाई बचाइदिनुस ।' यसो भन्दै उनी रुन थालिन् । बुद्धलाई थाहा थियो कि यो समयमा उनलाई उपदेश दिएर कुनै पनि अर्थ छैन । त्यसैले बुद्धले भन्नुभयो- 'हुन्छ ।' म तिम्रो छोरालाई बचाइदिन त सक्छु तर त्योभन्दा पहिले तिमीले मैले भनेको मान्नुपर्छ ।'

महिलाले भनिन्- 'हुन्छ । तपाईंले जे भन्नुहुन्छ त्यो म मान्न तयार छु ।' बुद्धले भन्नुभयो- 'तिम्रो छोरालाई बचाउन आजसम्म कोही पनि मानिस नमरेको घरबाट सस्र्युँ लिएर आउनुपर्ने हुन्छ । तिमी जाऊ र कोही पनि मान्छे नपरेको घरबाट सस्र्युँ लिएर आऊ ।'

त्यसपछि छोराको मृत्युमा बिलौना गरिरहेकी नारी दौडिँदै गाउँमा गइन् र आजसम्म कोही पनि मान्छे नमरेको घर खोज्दै, सोध्दै भौतारिँदै गरिन् । तर उनले आजसम्म कोही पनि मान्छे नमरेको घर भेट्टाउनै सकिनन् । सबैका घरका कोही न कोही मान्छे मरेको पाएपछि छोराको मृत्युमा शोकाकुल भएकी नारीले बल्ल बुझिन् कि गाउँमा सबै परिवारमा एक न एक जना (कसैका हजुरबुबा, कसैका बुबा, कसैकी आमा, कसैका छोरा, कसैकी छोरी कसैको नाति) त मरेकै हुँदोरहेछ । यो कुरा बुझेपछि उनको मनमा भएको पीडा क्रमशः शान्त भयो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

खर्च बढ्ने हुँदा धेरै रकम जोहो गर्नुपर्ला। नयाँ कुरा पाउन केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। पछिका लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ। सोखले खर्च बढाए पनि विलासी वस्तुहरू जुटाउने समय छ। तत्काल लाभ उठाउँदा पछि हुने फाइदा घट्न सक्छ। आफन्तबाट टाढिनुपरे पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ। लामो यात्रा गर्ने अवसर जुट्न सक्छ।

### बृष

परिस्थितिवश आँटेका काममा विलम्ब हुन सक्छ। परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ने परिस्थिति रहला। आम्दानी भए पनि फजुल खर्च बढ्नाले अर्थ अभाव देखा पर्नेछ। खोजी गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। तर आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्लान्। आवश्यकता पूरा गर्न सरसापट लिनुपर्ने हुन सक्छ।

### मिथुन

विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। पदासीन व्यक्तिको सहयोग जुट्नेछ भने प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। कर्मयोगले जीवनशैलीमा परिवर्तन ल्याउनेछ। सामाजिक नेतृत्व हातलागी हुन सक्छ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ। भोग-विलासमा मन जाने हुँदा फजुल खर्च बढ्न सक्छ।

### कर्कट

भाग्यले विभिन्न अवसर जुराउनेछ भने मिहिनेतले सफलताको उचाइमा पुऱ्याउनेछ । सानो प्रयत्नले सजिलै लक्ष्यमा पुग्न सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । आफन्त तथा मित्रवर्गबाट सहयोग मिल्नेछ ।

### सिंह

अस्वस्थता र आलस्यले शरीर कमजोर रहनेछ भने मनको इच्छाशक्ति कुण्ठित हुन सक्छ। आफ्ना कमजोरीबाट अरूले फाइदा उठाउनेछन्। चुनौतीको बन्धनले कर्मयोग प्रभावित हुनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला। नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला। गोप्यता बाहिरिनाले सोचेको उपलब्धि प्राप्त नहुन सक्छ।

### कन्या

विभिन्न अवसर प्राप्त भए पनि घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। भेटघाटमा अलमलिनुपर्ला। शिष्टाचारका लागि दिन खर्चिलो बन्न सक्छ। तापनि मिहिनेत गर्दा महत्त्वाकांक्षी काम बन्नेछ। आम्दानी रोकिए पनि व्यापारमा फाइदै हुनेछ। व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ। प्रियजनसँग भेटघाटका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ।

### तुला

लगनशीलताले नयाँ स्थानका साथै काम गर्ने अवसरसमेत दिलाउनेछ। भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। शत्रुभाव राख्नेहरू स्वयं कमजोर हुनेछन्। बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। पछिका लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ। मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ।

### वृश्चिक

प्रयत्न गर्दा लक्ष्यअगावै काम सम्पादन हुनेछ । मिहिनेतले चिताएका काम सम्पादन हुनेछन् । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरू पछि पर्नेछन् । प्रतिष्ठित काम सम्पादन गर्ने मौका प्राप्त हुनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीको साथले उत्साह जगाउनेछ । विदेश जाने योग पनि परेको छ ।

### धनु

काममा चुनौती देखिए पनि घरमा लक्ष्मी भित्र्याउने समय छ। मेहनत गर्दा पछिसम्मलाई फाइदा हुनेछ। साझेदार तथा आफन्तजन सहयोगीका रूपमा देखा पर्नेछन्। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्दा लाभ हुनेछ। अरूको सुझावमा भर नपर्नुहोला। परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ। तर महत्त्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला।

### मकर

कर्मयोगले लोकप्रियता दिलाउनेछ भने विशेष उपहार प्राप्त गर्ने समय छ सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ हुनेछ। उद्योग र व्यापारमा फाइदा हुनेछ। प्रतिद्वन्द्वीहरू परास्त हुनेछन् भने छिटै प्रतिफल पाइनेछ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौती पन्छाएर कामको जग बसाउने मौका छ।

### कुम्भ

हडबडी गर्दा काम बीचमा काम रोकिन सक्छ। बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ। अध्ययनमा त्यति समय दिन नसकिएला। तर अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। सुरुमा चुनौती देखिए पनि पछि लाभ हुने काम गर्न सकिनेछ। अरूको मुख ताक्ने बानीले भने केही पछि परिएला।

### मीन

केही गुमाउनुपरे पनि लेनदेन, सरसापट र वादविवाद सुल्झाउने समय छ । चिताएका काम सम्पादन हुनेछन् । व्यापारमा लाभ हुनेछ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ। प्रक्रिया दोहोऱ्याउनुपरे पनि अन्ततः आफैंलाई फाइदा हुनेछ। आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय भएकाले बोली-व्यवहारमा सजग रहनुपर्ला । हनुमानजीको आराधना गर्नु राम्रो हुन्छ ।

## "जय भोले" को फस्टलुक रिलिज

अन्ततः यस बर्षको दशैंमा हुन लागेको नेपाली चलचित्रको ठूलो भिडन्त टरेको छ । यो बर्ष चलचित्र 'छक्का पन्जा ३ र जय भोले'को भिडन्त हुने संभावना प्रवल थियो । तर, दुबै चलचित्रका निर्माताको लामो समयको छलफलपश्चात भिडन्त टरेको हो । चलचित्र 'छक्का पन्जा ३' दशैंको घटस्थापनामा रिलिज हुने फाइनल भैसकेको छ । अब, चलचित्र 'जय भोले' दशैको फूलपातिमा रिलिज हुने भएको छ ।

असोज ३० गतेबाट रिलिज हुन लागेको चलचित्रको फस्टलुक पनि सार्वजनिक गरिएको छ । अशोक शर्माको निर्देशनमा तयार भएको यो चलचित्रलाई कमेडी कथामा तयार गरिएको छ । चलचित्रमा खगेन्द्र लामिछाने, सौगात मल्ल, सलोन बस्नेत र स्वस्तिमा खड्काको मुख्य भूमिका छ । चलचित्रको ट्रेलर र गीत सार्वजनिक भैसकेको छ । 'छक्का पन्जा ३ र जय भोले' एकै दिनमा ल्याउने खेल चलिरहेका कारण यी दुबै चलचित्रले प्रदर्शन मिति तय गर्न सकेका थिएनन् ।

## प्रियंकाको खस्कँदो क्रेज

नायिका प्रियंका कार्कीले निर्माता दिपकराज गिरी र निर्देशक दीपाश्री निरौलाले चलचित्र 'वडा नम्बर ६' पछि आफ्नो ब्यानरमा भित्राएका हुन् । चलेकी नायिका कार्कीलाई यो ब्यानर फाप्यो पनि । 'वडा नम्बर ६' र 'छक्का पन्जा'मा उनी दिपककी प्रेमिका र श्रीमतिको भूमिकामा देखिइन् । तर, 'छक्का पन्जा २'मा आउँदा उनी दिपककी प्रेमिकाबाट नायिका स्वस्तिमा खड्काकी आमा बनिन् । प्रियंकाको खस्कदो क्रेज, अनावश्यक स्क्यान्डलले चलचित्रलाई प्रभाव नपारोस् भन्ने निर्माणपक्षको बुझाई थियो । तर, चलचित्र 'छक्का पन्जा ३' सम्म आइपुग्दा त प्रियंका ट्रेलरबाटै गायब छिन् । बरु, उनको स्थानमा नायिका दीपिका प्रसाई आइपुगेकी छिन् । दीपिकाले ट्रेलरभरी आफूलाई हाबी बनाउँदा प्रियंकालाई एउटा दृश्यमा राख्न पनि यसको निर्माणपक्षले आवश्यक ठानेन । यसको मत्तलब, प्रियंका क्रेज अब चम्कदैन भन्ने बुझाई हुनसक्छ । वा प्रियंकाको भूमिका चलचित्रमा खासै नभएकाले पनि उनलाई स्थान नदिइएको होला । प्रियंकाले जथाभावी चलचित्र खेल्दा, एउटा गीतमा मात्र भएपनि नाच्न तयार हुँदा, आफ्नो स्टारडम मेन्टेन गर्न नसक्दा उनलाई गाह्रो पर्न थालेको छ ।

## "लभ स्टेशन" को मुहूर्त

क्राइम-थ्रीलर जनराको फिल्म 'रोज' बक्सअफिसमा असफल भएपछि अभिनेता प्रदीप खड्कालाई ठूलो झट्का लागेको छ । सुपरस्टारको दौडमा रहेका उनलाई उक्त फिल्मको नतिजाले अब स्क्रिप्ट छनौटमा चनाखो हुनुपर्ने देखिन्छ । असफलताको पीडा भुल्दै अब उनले नयाँ फिल्म 'लभ स्टेशन' को सुटिङ ज्वाइन गर्दैछन् ।

उक्त फिल्मको सोमबार पशुपति मन्दिरमा मुहूर्त गरिएको छ । यो फिल्ममा उनको जोडी 'लिलिबिली' गर्ल जसिता गुरुङसँग बाँधिएको छ । यो कपल अहिले प्रेममा रहेको चर्चा छ । शुक्रबारबाट फ्लोरमा निस्कने फिल्मको 'क्यामेरा अन' भारतको दार्जिलिङमा हुनेछ ।

यसका लागि जम्बो टिम मंगलवार त्यसतर्फ प्रस्थान गर्ने निर्माता गोविन्द शाहीले बताए । प्रदीप र जसिता भने बुधवारमात्र जानेछन् । भेट्रोन निर्देशक उज्वल घिमिरेले निर्देशन गर्ने फिल्मको छायांकन भारतको दार्जीलिङ, कालिङपोङ, सिक्किमलगायत नेपालको पुर्वी भेगका इलाम, फिक्कलमा हुनेछ ।

५० दिनको छायांकन तालिका रहेको फिल्ममा प्रदीप र जसितासँगै श्रद्धा क्षेत्री, निरुता सिंह, सरोज खनालगायतका कलाकारहरुको अभिनय रहनेछ । पारिवारिक प्रेमकथामा आधारित रहेकाले विगतका फिल्मभन्दा केही पृथक 'लभ स्टेशन' बन्ने प्रदीपले बताए । आलोक शुक्लाको छायांकन रहने फिल्ममा शम्भुजित बाँस्कोटा, दीपक शर्मा, राजनराज शिवाकोटी र एलिश कार्कीको संगीत रहनेछ ।

## "प्रेमगीत ३" को तयारीमा निर्माता

अभिनेता प्रदीप खड्कालाई स्टार बनाएको फिल्म हो 'प्रेमगीत' । डेब्यु फिल्म 'स्केप' ले लगभग करिअर पाखा लगाइसकेको अवस्थामा उनका लागि यो फिल्म सञ्जीवनी बुटी साबित भएको थियो । सो फिल्मको दुई सिरिजमा उनले काम गरिसकेका छन् ।

प्रदीपलाई यो स्थानसम्म पुऱ्याउन उक्त फिल्मको सबैभन्दा ठूलो योगदान छ । उनी अहिले जति डिमान्डेड र महँगा भएका छन् त्यो सबै 'प्रेमगीत' सिरिजको देन हो । यो यथार्थलाई उनी पनि स्विकार गर्छन् । पहिलो श्रृंखला असफल भए पनि दर्शक र समीक्षकको नजरमा उत्कृष्ट ठहरिएको थियो । दोस्रो सिरिजले बक्सअफिसमा राम्रो कमाई गऱ्यो तर गज्जबकै तारिफ भने पाउन सकेन । अब निर्माता सन्तोष सेन 'प्रेमगीत ३' को तयारीमा जुटेका छन् ।

अर्को वर्षको मध्यतिर प्रदर्शनमा आउने गरि अहिले फिल्मको अन्डर प्रोडक्शनको काम भइरहेको छ । सेनले भने, 'अहिले मैले 'मेरी मामु' को च्यारिटी र विदेश प्रदर्शनका लागि समय निकालेको छु । त्यसपछि 'प्रेमगीत ३' को काम सुरु गर्छु ।'

अहिलेसम्म फिल्मका लागि उत्कृष्ट कथा नभेटेको पनि उनले बताए । फिल्मको तेस्रो सिरिज निर्माण हुने कुरा भइरहँदा अभिनेता प्रदीप र निर्माता सेनबीच सम्बन्ध सन्तुलित नभएको चर्चा सिनेवृतमा छ । स्रोतका अनुसार, फिल्मको तेस्रो भागमा निर्माता सेन नयाँ हिरोलाई लञ्च गर्ने तयारीमा छन् ।

उनी भने यो कुरामा सत्यता नभएको बताउँछन् । 'फिल्ममा 'को हुने र को नहुने' केही फाइनल भएको छैन । को कलाकार हुने भन्ने कुरा स्टोरीमा भर पर्छ', उनले भने । हाल जन्मथलो रहेको उनले प्रदीपसँग सम्बन्ध विग्रिएको विषयमा पनि मुख खोले ।

उनी भन्छन्, 'उसले 'रोज' हेर्न बोलाएको थियो । म गाउँमा भएका कारण जान पाइनँ । हामी पहिला जस्तो थियौ अहिले पनि त्यस्तै छौ । उसँग बोलचाल बन्द हुने केही कुरै भएको छैन ।' सेनले 'प्रेमगीत ३' मा प्रदीप हुने वा नहुने कुरामा भने लालमोहर लगाउन चाहेनन् । उता प्रदीप भने अर्को वर्षका लागि 'प्रेमगीत ३' लाई समय निकालेर बसेका छन् ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Plummet = बेस्सरी घट्नु As soon as the rate of interest rose, the stock price plummeted (बैंक ब्याजदर बढ्ने बित्तिकै शेयर बजारमा बेस्सरी गिरावट आयो)

Quarry= खनेर वा फुटालेर निकाल्ने Many people in Dhading live quarrying stones on the bank of river (धादिङमा धेरै मानिसहरू नदी किनारमा भएको ढुंगा फुटालेर जीवन यापन गर्दछन्)

Ruthless = निर्दयी For his ruthless behaviour, he is everywhere unpopular (निर्दयी व्यवहारले गर्दा उसलाई कसैले पनि मनपराउँदैन)

Sporadic=आक्कलझुक्कल Sporadic attempts were made to reform the judicial system but non of them was successful (न्यायप्रणालीमा सुधार गर्ने आक्कल झुक्कल प्रयास भए तापनि तीमध्ये कुनै पनि सफल भएनन्)

Turmoil = ठूलो विवाद, भ्रम वा अव्यवस्था In current political turmoil, it is not wise to involve in politics (अहिलेको भ्रमपूर्ण राजनीतिक अवस्थामा राजनीतिमा संलग्न नहुनु नै राम्रो हुन्छ)

Untowards = दुर्भाग्यपूर्ण Her encounter with her ex-husband in the party was untowards because she did not know that he was also invited (पूर्वपतिसँग आकस्मिक भेट उनका लागि दुर्भाग्यपूर्ण थियो किनकि उनलाई ऊ पनि त्यहाँ आमन्त्रित थियो भन्ने कुरा थाहा थिएन) ।

Vociferous = हल्लापूर्ण As crowd grew vociferous in its anger, the authority armed force to control them (जब भीड क्रोधित हुँदै होहल्ला मच्चाउन थाल्यो, अधिकारीहरूले त्यसलाई नियन्त्रण गर्न सैनिक तैनाथ गरे)

Wanton = कुभावनाले ग्रसित भई लागी पर्नु Taliban carriedout the wanton destruction of historic Boudha statue of Bamiyan (तालिवानहरूले कुभावनाले ग्रसित भई वामियानमा रहेका ऐतिहासिक बुद्धमूर्तिहरू नष्ट गरे)

Anarchy = अराजकता The never ending political instability has pushed the country into a state of anarchy सधैं रहिरहने राजनीतिक अस्थिरताले देशलाई अराजकताको स्थितितिर धकेलिदिएको छ ।

Browse = सरसरती हेर्नु वा खोज्नु He spends most of his time browsing the internet (ऊ आफ्नो धेरैजसो समय इन्टरनेटमा काम लाग्दा सूचना खोज्नमै लगाउँछ )

## सामान्य ज्ञान (प्रश्नोत्तर)

कुन चाहिँ रूखको जरा भुइँलाई छोइरहन्छ ?
● वर

भारत छोडो आन्दोलन कहिले लागू भएको थियो ?
● सन् १९४२ ई.

भरत थियोसोफिकल सोसाइटीको मुख्य कार्यालय कहाँ छ ?
● अयोध्या

प्रथम पटक सोभियत संघका राष्ट्रपति मार्सल भोरोशिलोभको काठमाडौं आगमन कहिले भयो ?
● २०१६ साल माघ २० गते

जनकपुरमा स्व. श्री ५ महेन्द्रमाथि बम प्रहार कहिले भयो ?
● २०१८ माघ ९

बेलायतको लागि प्रथम नेपाली राजदूत को हुन् ?
● बहादुर शमशेर

ब्रिटिस सरकारको तर्फबाट जुद्धशमशेरले पाएको उपाधिको नाम के हो ?
● जि.सी.एम.आई.

जुद्धशमशेरकी नातिनीको विवाह कहिले र कोसित भयो ?
● वि.सं.१९९७ साउन २७ श्री ५ महेन्द्र

प्रजापरिषद्का सदस्यहरूलाई गिरफ्तार गराइने व्यक्तिलाई रू. पाँच हजारको पुरस्कारको घोषणा कहिले भयो ?
● वि.सं. १९९७ साउन ११ गते

गोरखापत्र हप्ताको एक पटकबाट हप्ताको दुई पटक छापिने व्यवस्था कहिले देखि भयो ?
● वि.सं. २००० असोज २८

सर्वप्रथम नेपाली नोटको निष्काशन कहिले भयो र कोद्वारा भयो ?
● वि.सं. २००२ भदौ ३० जुद्धशमशेर

## Take बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Take something as = जस्तो त्यस्तै लिनु, I take life as it comes जीवनलाई म त्यसैगरी लिन्छु जसरी यो आउँछ ?

Take somebody as = रुपमा लिनु She takes me as her brother तिनले मलाई भाइको रुपमा लिन्छिन् ।

Take it that = मान्नु I take it that he will come back soon ऊ चाँडै फर्कन्छ भन्ने कुरा म मान्छु ।

Take it from that = भनेको ठान्नु Take it from me that he will become chief of the office within coming ten years मैले भनेको ठान कि ऊ आगामी १० वर्षभित्र कार्यालयको हाकिम बन्ने छ ।

Take it upon oneself = आफ्नै थाप्लोमा हाल्नु If you take it upon oneself to make alls the decisions you will be a dictator सबै महत्वपूर्ण गर्ने कार्य आफ्नै थाप्लोमा हाल्छौ भने तिमी निरंकुश हुने छौ ?

Take a lot out of somebody = पुरै थकित बनाउनु If you alone do all these works, it will take a lot out of you यति धेरै काम तिमी एक्लैले गर्छौ भने यसले तिमीलाई थकित बनाउनेछ ।

Take somebody anywhere= जहाँकहीँ लैजानु Her manners are very much appalling you can not take her anywhere उनको ब्यवहार लठ्याउने किसिमको छ, त्यसैले उनलाई जहाँकहीँ लिएर जान हुन्न ।

Take somebody aback = निरुत्साहित पार्नु Her behaviour always takes me aback उनको ब्यवहारले मलाई सधैं निरुत्साहित पार्छ ।

Take against somebody = विपक्षमा जानु You have a very bad habit to take against her for nothing बेफाकमा उनको विपक्षमा जाने तिम्रो ज्यादै खरब बानी छ ।

Take somebody apart = हराउनु I took him apart in straight two तीनमा लगातार दुई म्याच जितेर मैले उसलाई हराएँ ।

## सुडोकु-अंक १२१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | | ९ | | | | | |
| | | ९ | ४ | | | ८ | | |
| २ | ७ | | ८ | | | | ६ | |
| | | ७ | | | | | | |
| ४ | | १ | २ | | ७ | ६ | | ३ |
| | | | | | | ५ | | |
| | ४ | | | | ६ | | ८ | ७ |
| | | २ | | | ४ | ९ | | |
| | | | | | ९ | | | २ |

## अंक १२० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | ९ | ७ | ५ | २ | ४ | ३ | १ |
| १ | ५ | ४ | ३ | ९ | ६ | ८ | ७ | २ |
| ७ | २ | ३ | १ | ४ | ८ | ९ | ५ | ६ |
| ४ | ८ | ५ | २ | ३ | ७ | ६ | १ | ९ |
| ३ | ९ | ७ | ६ | १ | ४ | २ | ८ | ५ |
| २ | १ | ६ | ९ | ८ | ५ | ३ | ४ | ७ |
| ९ | ७ | १ | ४ | २ | ३ | ५ | ६ | ८ |
| ५ | ४ | २ | ८ | ६ | १ | ७ | ९ | ३ |
| ६ | ३ | ८ | ५ | ७ | ९ | १ | २ | ४ |

# बाल विकास समाजको वार्षिकोत्सवका झलकहरु




कार्यक्रमका सहभागीहरू



मन्तव्य राख्दै संस्थाका कोषाध्यक्ष सुरेन्द्र ढकाल




कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि कृष्णहरी बाँसकोटा



मन्तव्य राख्दै श्रम विभागका महानिर्देशक रामप्रसाद भट्टराई



नृत्य प्रस्तुत गर्दै बालक्लवका पदाधिकारीहरू



पुरस्कार ग्रहण गर्दै छात्रवृत्तिका बालबालिकाहरू



सामुहिक तस्विरमा बालबालिका तथा अतिथि गण



मन्तव्य राख्दै कार्यक्रमका प्रमुख अतिथि

## बाल विकास समाजको २७ औं वार्षिकोत्सव

नेपाली बालबालिकाहरुको समग्र विकासको क्षेत्रमा कार्यरत बाल विकास समाजको २७ औं वार्षिकोत्सव कार्यक्रम यहि असोज ६ गते भव्यताका साथ सम्पन्न भएको छ । यस वार्षिकोत्सव कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, बालक्लव, बाल सल्लाहकार समिति, बालक्लव सञ्जाल, बालबालिका, अभिभावक, विद्यालयका शिक्षक, संस्थाका आजिवन सदस्य तथा अन्य व्यक्तित्वहरुको उपस्थिती रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि कृष्णहरी बाँसकोटाले मन्तव्यको क्रममा बाल विकास समाजको प्रगतिको कामना गर्दै यो संस्थाको विगतका कार्यक्रमहरुमा पनि प्रमुख अतिथिको रुपमा सहभागी भएकोले आफू यस संस्थाको कार्यक्रमप्रति केहीहदसम्म जानकार भएको हुनाले यसको कार्यक्रममा आउन पाउँदा गर्वको महशुस हुने कुरा बताउनु भएको थियो ।

बालबालिकाहरुको समग्र विकासका लागि यो संस्थाले खेलेको भूमिका विर्सनै नसकिने रहेको र संस्थाले आफ्नै आन्तरिक खर्च जुटाएर अथवा संस्थाका पदाधिकारी, अजिवन सदस्य तथा शुभचिन्तकबाट आर्थिक सहयोगले विपन्न बालबालिकाहरुलाई सेवा दिनु आफैमा महानता भएको हुनाले यो संस्था प्रंशसा योग्य छ भन्नु भयो । साथै उहाँले यस्तो संस्थाको प्रमुख अतिथि भएर आउन पाउँदा गर्व लाग्ने कुरा पनि बताउनु भएको थियो । यसको कार्यशैली ठिक भएको हुनाले नै अरु कार्यक्रमलाई पन्छाएर भएपनि यो संस्थाको कार्यक्रममा आउन मन लाग्ने प्रमुख अतिथि बाँसकोटाको कथन रहेको थियो । मन्तव्यकै क्रममा श्रम विभागका महानिर्देशक रामप्रसाद भट्टराईले यो बाल विकास समाजले बालश्रम न्यूनिकरणमा खेलेको भूमिका अतुलनीय रहेको र समन्वयत्मक रुपबाट काम गर्ने पक्ष राम्रो रहेको विचार व्यक्त गर्नु भएको थियो । बालश्रम अन्त्यका लागि बाल विकास समाजसँग सँगै रहेर बालश्रम अन्त्य गर्ने नेपाल सरकारको गुरु योजना कार्यान्वयनमा अगाडी बढ्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो । शुभकामना मन्तव्यकै क्रममा संस्थाका सल्लाहकार शरद शर्माले संस्थाको प्रगतिको कामना व्यक्त गर्नु भएको थियो । संस्थामा नयाँ पुस्ताले काम गर्ने अवसर पाउनु राम्रो सन्देश भएको र बाल विकास समाजको नेतृत्व हस्तान्तरण गर्ने पक्ष सबल रहेको बताउनु भयो । बाल सल्लाहकार समिति संयोजक सन्तोषी गुरुङ्गले बाल विकास समाजको प्रगतिको कामना गर्दै सबै बालबालिकाहरुको अधिकारका लागि संस्थालाई अझ धेरै काम गर्न अनुरोध गर्नु भएको थियो ।

स्वागत मन्तव्यको क्रममा संस्थाका महासचिव काजीबाबु पाण्डेले बाल विकास समाजको सबल पक्ष पारदर्शिता र लक्षित समुदायप्रति उत्तरदायिको रुपमा अग्रणी संस्थाको रुपमा रहेको विचार राख्नु भएको थियो । संस्थाका कोषाध्यक्ष सुरेन्द्र ढकालले बाल विकास समाजले अब संघीय संरचना अनुसार कस्तो भूमिका खेल्नु पर्ने र बालबालिकाहरुको संरक्षणका लागि कार्यक्रम गर्दा सरकारी निकायसँगको सम्बन्ध विस्तार तथा सहकार्यका बारेमा समेत प्रस्ट पार्नु भएको थियो । बाल विकास समाज सरकारको सहयोगीको रुपमा काम गर्ने संस्था भएको र बालअधिकार सुनिश्चित गर्न सरकारलाई संस्थाले हरतरहबाट सहयोग पुऱ्याँउने प्रतिवद्धता जाहेर गर्दै संस्थामा रहेका पदाधिकारीहरु लिने हैन दिने संस्कारबाट प्रेरित भई सामाजिक अभियानमा होमिएका हुनाले पनि विदेशी दाताको सहयोग नभएको अवस्थामा पनि संस्थाले कार्यक्रम सञ्चालन गर्न सक्षम भएको कुरा बताउनु भयो ।

कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक कृष्णप्रसाद सुवेदीले समग्र बाल विकास समाजको विगत र वर्तमानमा सञ्चालन भएको कार्यक्रम र त्यसले बालबालिकामा पारेको सकरात्मक प्रभावको बारेमा प्रस्तुत गर्नु भएको थियो । यसै क्रममा उहाँले २५४२९ जना बालबालिकाहरु संस्थाको कार्यक्रमबाट लाभान्वित भएको तथ्य बताउदै विशेषगरी ईंटाभट्टालाई बालश्रम मुक्त ईंटा उद्योग घोषणा, गाउँबाट काठमाडौंमा आएर श्रममा लागेका बालबालिकाहरुलाई गाउँ फर्काउने चुनौतिपूर्ण काम भएपनि सफल रुपमा संस्थाले कार्य गरेको कुरा पनि उहाँले उल्लेख गर्नु भएको थियो । संस्थाका कार्य समिति पदाधिकारी, आजिवन सदस्य, विभिन्न बैंकहरु तथा शुभचिन्तकहरुबाट अर्थिक सहयोग जुटाई विपन्न वर्गका बालबालिकाहरुको शैक्षिक अधिकार सुनिश्चितका लागि विद्यालय छात्रवृत्ति कार्यक्रममार्फत शैक्षिक सहयोग प्रदान गरेको बताउनु भयो । कार्यक्रममा समापन मन्तव्यको क्रममा संस्थाका अध्यक्ष सुवास गौतमले सहभागी सबैलाई धन्यवाद ज्ञापनसहित आगामी दिनहरुमा समग्र बालबालिकाहरुको विकासका लागि सबै पक्षसँग हातमा हात मिलाएर अगाडी जाने बचन राख्दै कार्यक्रम समापन भएको जानकारी गराउनु भएको थियो ।

संस्थाको वार्षिकोत्सव कार्यक्रम पश्चात सोहीदिन २८ औं वार्षिक साधारण सभा समेत सम्पन्न भएको थियो । वार्षिक साधारण सभामा महासचिवले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने कोषाध्यक्षले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । शभामा प्रस्तुत भएका प्रतिवेदनमाथी सदस्यहरुले दफादार छलफल गरी प्रतिवेदनहरु सर्वसहमतिले साधारण सभाले परित गरेको थियो ।



मन्तव्य राख्दै बाल सल्लाहकार समिति संयोजक


**संवाददाता : गोविन्द वि. क..**

बाँकी ८ पेजमा



तेस्रो धार

# भारतद्वारा प्रकाशित नक्सा सच्याइनुपर्छ



**मोहनविक्रम सिंह**

भारतीय सेना प्रमुख विपिन रावतले आफ्नो एउटा वक्तव्यमा नेपाल र भुटानजस्ता देशहरू भारतभन्दा टाढा जान नसक्ने र भारतप्रति नै झुकाव राख्नुपर्ने कुरा बताएका छन् । त्यस सिलसिलामा उनले नेपालको आफ्नो भौगोलिक स्थितिका कारणले नै चीनतिर फर्कन नसक्ने र नहुने कुरा पनि बताएका छन् ।

नेपालको सुदूरपश्चिमको कालापानीसमेतको नक्साबारे आएको विवादप्रति नेकपा (मसाल) को गम्भीर ध्यान आकर्षित भएको छ । प्राप्त जानकारीअनुसार राष्ट्रिय निसान छापद्वारा प्रकाशित नक्सामा कालापानी, लिपुलेक र लिम्पियाधुरा समेतका भूमिहरूलाई नेपालको सरहदभित्र देखाइएको छैन ।

भारतद्वारा प्रकाशित नक्सामा ती क्षेत्रहरू नेपालमा नभएको देखाइएको छ। यो कुरा बुझ्न गाह्रो पर्दैन कि भारतीय प्रभावमा नै नेपालबाट प्रकाशित नक्सामा कालापानीसमेतका स्थानहरूलाई नेपालको नक्साबाट हटाइएको छ । भारतले कालापानीमाथि कब्जा जमाएको छ भने सुस्तासहित नेपालका कैयौं सीमाहरूमा अतिक्रमण गरेको छ ।

नेपालको नक्सामा हेरफेर गर्ने कार्य र नेपालका राष्ट्रिय निसान छापसमेत कतिपय सरकारी निकायहरूद्वारा नेपालको नक्सामा फेरबदल गर्ने कार्य भारतीय विस्तारवादी योजनाअनुसार नै गरिएको कुरा बुझ्न गाह्रो पर्दैन । त्यसअनुसार नेपालको ३ सय १० वर्ग किलोमिटर जमिन नेपालबाट हटाउने कार्य गरिएको छ । नेपालको नक्सामा हेरफेर गर्ने जुनकार्य गरिएको छ, त्यो नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताका विरुद्ध भएको कुरा प्रष्ट छ ।

त्यसकारण नेपालको नक्सामा हेरफेर गर्ने कार्यमा संलग्न व्यक्तिहरूबारे छानबिन गरेर दोषीलाई कडा सजाय दिनुका साथै गलत प्रकारले प्रकाशित गरिएका नक्साहरूलाई सच्याउनुपर्ने, त्यस प्रकारका नक्साहरूको बिक्री वितरणमा प्रतिबन्ध लगाउनुपर्ने तथा भारतसित कूटनीतिक स्तरमा उच्चस्तरीय वार्ता गरेर त्यसद्वारा प्रकाशित नक्सालाई सच्याउनुपर्ने आवश्यकता छ ।

यसका लागि हाम्रो पार्टी नेकपा मसाल चुप लाग्दैन । भारतीय सेना प्रमुख विपिन रावतले आफ्नो एउटा वक्तव्यमा नेपाल र भुटानजस्ता देशहरू भारतभन्दा टाढा जान नसक्ने र भारतप्रति नै झुकाव राख्नुपर्ने कुरा बताएका छन् । त्यस सिलसिलामा उनले नेपालको आफ्नो भौगोलिक स्थितिका कारणले नै चीनतिर फर्कन नसक्ने र नहुने कुरा पनि बताएका छन् । त्यो वेला कतिपय भारतीय उच्च अधिकारीहरूद्वारा बिम्स्टेक सम्मेलनको संयुक्त सैनिक अभ्यासमा भाग नलिएको र अर्कोतिर चीनको छेङमा 'सगरमाथा फ्रेन्डसिप -२' नामक संयुक्त सैन्य अभ्यासमा भाग लिएकोमा समेत नेपालको आलोचना गरिएको थियो ।

भारतीय सेना प्रमुख रावतसमेतको उपरोक्त भनाइले भारतले दशकौंदेखि नेपालप्रति अपनाउ"दै आएको विस्तारवादी नीतिलाई नै खुलासा गर्दछ । उनीहरूले सधैँ यो कुरामा जोड दिँदै आएका छन् कि नेपालले सधैँ भारत परस्त नीति नै अपनाउनुपर्दछ । त्यस सन्दर्भमा उनीहरूको प्रयत्न सधैँ रहने गरेको छ कि भारतीय परराष्ट्र नीति वा सुरक्षा नीतिको सीमाबाहिर गएर कुनै देशसित स्वतन्त्र प्रकारले सम्बन्ध विस्तार गर्ने नेपाललाई कुनै अधिकार छैन ।

त्यही नीति अन्तर्गत नै भारतीय सेना प्रमुख रावतको यो भनाइ आएको हो । बिम्स्टेकको संयुक्त सैन्य सम्मेलनमा भाग लिन अस्वीकार गरेको र चीनसितको संयुक्त सैनिक अभ्यासमा भाग लिएको कार्य उनीहरूका लागि असह्य हुन गएको छ । भारतीय सेना प्रमुखसमेतको त्यस प्रकारको अभिव्यक्तिले प्रकट र बाह्य रूपमा उनीहरूले जतिसुकै मैत्रीपूर्ण कुरा गरे पनि उनीहरूको वास्तविक उद्देश्य नेपाललाई आफ्नो अधिनमा राख्ने नै हो भन्ने कुरामा कुनै शंका रहन्न ।

भारतको त्यस प्रकारको विस्तारवादी नीतिविरुद्ध आवाज उठाउन र उच्च प्रकारको सतर्कताको नीति अपनाउन हाम्रो पार्टीले सबै देशभक्त शक्ति, राजनीतिक दल संघ/संस्था, व्यक्तित्व, आमजनता र सरकारसित पनि अपिल गर्दछ । कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्यासित सम्बन्धित अपराधीहरूलाई अहिलेसम्म पत्ता लगाउन नसकेकोमा हाम्रो पार्टीले सरकार, प्रशासन र प्रहरीसमेतको तीव्र आलोचना गर्दछ ।

त्यसबाट सरकार, प्रशासन र प्रहरीसमेतको कार्यप्रणालीमा कुनै गम्भीर कमजोरी भएको कुरालाई बताउँछ । यदि, त्यस प्रकारको कमजोरी सुधार गरिएन भने देशमा त्यसको चौतर्फी असर पर्नेछ । जे होस्, सरकारले कञ्चनपुरको बलात्कार र हत्याबारे छानबिनका लागि उठाएका कदमहरूलाई हामीले सकारात्मक रूपमा लिन्छौँ । त्यससम्बन्धी प्रधानमन्त्री र गृहमन्त्रीका अभिव्यक्तिहरूलाई पनि हामीले सकारात्मक रूपमा लिएका छौँ । तर, अहिलेसम्मको घटनाक्रमबाट यो कुरा प्रष्ट हुन्छ कि, उक्त घटनासित सम्बन्धित अपराधीहरूलाई लुकाउनका लागि योजनावद्ध प्रकारले नै प्रयत्न भइरहेको छ । त्यस प्रकारका प्रयत्नहरूलाई असफल पारेर सत्य र तथ्यमा पुग्न सरकार प्रशासन वा प्रहरी सफल हुने छन् वा छैनन् ? त्यो सम्पूर्ण देशका लागि नै अत्यन्त गम्भीर र महत्वपूर्ण प्रश्न भएको छ ।

यदि, आफ्ना प्रयत्नहरूमा सरकार असफल हुन्छ भने त्यसबाट सरकार र सम्पूर्ण प्रशासन यन्त्रभन्दा अपराध जगत नै शक्तिशाली भएको कुरा प्रमाणित हुनेछ । र त्यो कुरा सरकार मात्र होइन सम्पूर्ण देशका लागि नै अत्यन्त खतरनाक हुनेछ । तर, हामीले कामना गर्दछौँ, त्यस्तो हुने छैन र छिट्टै उनीहरूलाई पत्ता लगाएर उनीहरूलाई दण्ड सजाय गर्ने कार्य गरिनेछ ।

## निजगढ...

२४ लाख रुखहरु ढल्ने छन् । परियोजनाको प्रारम्भिक वातावरणीय तथा सामाजिक असर मूल्यांकन प्रतिवेदन अनुसार पहिलो चरणमा नै ७ लाख ७० हजार रुखहरु ढल्ने देखिएको छ । काठमाण्डौबाट १७५ किलो मिटरको दूरी रहेको भनिएको यो प्रस्तावित विमानस्थल क्षेत्र मा ९० प्रतिशत प्राकृतिक साल र साखुवा जातका रुखहरु रहेको घनाजंगल छ । यी रुखहरुबाट निस्कने काठको अहिलेको बजार मूल्यमात्रै ६५ अरब रुपैयाँभन्दा माथि रहेको छ । तसर्थ पहिले योजनाको गहिरो वातावरणीय र सामाजिक मूल्यांकन गरेर मात्रै डिपिआर बनाउनु पर्दछ भन्ने प्राकृतिक स्रोत विज्ञहरुको भनाइ रहेको छ तर गहिरो र संवेदनशील अध्ययन प्रतिवेदनविना नै रुख ढाल्ने सरकारको योजना भने मौजुदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता विपरीत रहेको विशेषज्ञहरु बताउँछन् । प्रस्तावित विमानस्थल क्षेत्रको रुख ढाल्ने निर्णय संघीय सरकारका वन तथा वातावरण मन्त्रालय र सस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयबाट संयुक्त रुपमा भइसकेको थाहा हुन आएको छ । यस्तो निर्णय गर्दा सरकारी पक्षले हरेक ढालिएको एक रुखको सट्टा २५ वटा गरी ६ करोड २० लाख नयाँ बिरुवा रोप्ने प्रतिबद्धता जाहेर गरेको सन्दर्भ खोतल्दै वन विशेषज्ञहरु यस्तो कृत्रिम जंगलले प्राकृतिक जंगलले जस्तो वातावरणीय प्रणाली सन्तुलन गर्न नसक्ने बताउँदै सरकारलाई आफ्नो निर्णय फिर्ता लिन र परियोजनास्थल प्रस्तावित स्थलभन्दा केही किलोमिटर पूर्वतर्फ सार्न आग्रह गरेका छन् । अर्कोतर्फ वन्यजन्तु विज्ञहरु रुख ढाल्दाढाल्दै वन्यजन्तु र चराचुरुंगीको वासस्थान नास भई उनीहरु तितरबितर भइ लोप हुने हुँदा नयाँ रोपिने रुखहरुले उनीहरुलाई वासस्थान तुरुन्तै दिन नसक्ने कारण पर्यावरणमा अपुरणीय क्षति हुने बताउँछन् । यी सब तथ्यहरुको बाबजुद सरकार एकतर्फी रुपमा प्रस्तावित विमानस्थलको निर्माणस्थल कुनै हालतमा पनि सार्न नसकिने बताउनुले नेपाल ठूलो वातावरणीय दुघर्टनामा पर्ने र जस्को कारण नेपाल विश्वको १० मध्ये एक पर्यटकीय गन्तब्यको रुपमा चित्रित छ, त्यो नहुने वातावरणविद तथा वन्यजन्तुविद् बताउँछन ।

## राष्ट्रिय...

दिवस मनाउने निन्दनीय काम गरेका छन् । त्यस्ता अराजनीतिक र भ्रत्सर्नायोग्य काम गर्ने मुख्यमन्त्री लगायतलाई अविलम्व वर्खास्त गर्न यो बैठक सरकारसँग जोडदार माग गर्दछ ।

३. नागरिकता ऐंन, २०६३ मा संशोधन गर्ने विधेयक सरकारले संघीय संसदमा प्रस्तुत गरिसकेको छ । नागरिकता नीति र प्राप्तिका प्रकृयावारे देशका सचेत नागरिकहरूले गंभीर चासो र चिन्ता लिइरहेको अवस्थामा सरकारले जनमतलाई उपेक्षा गर्दै यो विधेयक ल्याएको र यसमा २०६३ साल पछि जन्मका आधारमा वितरण गरिएका विवादास्पद नागरिकता-प्रमाणपत्रहरूको छानविन गर्ने कार्यलाई समेत उपेक्षा गर्दै लाखौं विदेशी व्यक्तिहरूमा नेपाली नागरिकता वितरित हुने गरी व्यवस्था गरिएकोले उपरोक्त संशोधन विधेयकलाई नेकपा (माले) कडा बिरोध गदर्छ । संयुक्त ज्ञापन-पत्र र यही असोज ८ गते काठमाडौंमा आयोजित वृहत अन्तरकृया कार्यक्रम मार्फत् पार्टीले आफ्ना मागहरू सत्तारुढ दल, सरकार र संसद समक्ष पुऱ्याउनुको साथै सार्वजनिक पनि गरिसकेको छ, तिनलाई सम्वोधन गर्न सरकारको ध्यान गम्भीरतापूर्वक आकर्षण गर्दछौं ।

४. नेपालीका चाडपर्वहरूको पूर्व संध्यामा पेट्रोलियम पदार्थ र सार्वजनिक यातायातको क्षेत्रमा सरकारले गरेको भाडाबृद्धिको हामी कडा बिरोध गर्दछौं । यातायातको क्षेत्रमा गरिएको भाडाबृद्धिले जनजीविकाका सबैक्षेत्रमा स्वत: महँगी बढ्ने हुनाले गरिब जनताको जीवन यापन झन कठिन बन्न जानेछ । यसरी नै उपभोग्य सवै चीजमा मूल्यवृद्धि भएको छ । जनजीविकाप्रति असंवेदनशील यो सरकारले वढाएको मूल्यवृद्धिको हामी घोर बिरोध गर्दछौ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिका साथै भाडाबृद्धिको घोषणा अबिलम्ब फिर्ता लिन हामी जोडदार माग गर्दछौं ।

५. दिनहुँ बढी रहेका हत्या, हिंसा र बलात्कारका घटनाहरूले यो सरकार शान्ती सुरक्षा कायम गर्न असफल भइरहेको देखिएको छ । यो सरकारको छत्रछायामा अविवेकी ढंगले वृद्धि गरिएका कर तथा दस्तुर, राजनीतिक भ्रष्टाचार र संरक्षित अपराधिकरणको हामी कडा बिरोध गर्दछौ । साथै आवश्यक शान्ति-सुरक्षा कायम गर्न तथा अपराधलाई ढाकछोप गर्ने गरी अपराधीको संरक्षण गर्ने काम कहीं कतैबाट हुनु हुँदैन भनेर सरकारको गम्भिर ध्यानाकर्षण गर्दछौं ।

६. गत साउन १० गते कञ्चनपुर जिल्लामा बलात्कार पछि हत्या गरिएकी १३ बर्षकी वालिका निर्मला पन्त सम्वन्धित अपराधिहरूलाई यो सरकारले आजसम्म गिरफ्तार गरेको छैन् । अविलम्व यिनीहरूलाई गिरफ्तारी गर्दै यिनीहरू र अन्यत्र भएका यस्तै घृणित अपराधिक कार्यका दोषीहरूमाथि कडा कार्वाही गर्न पुनः हामी सरकार समक्ष माग गर्दछौं ।

७. हालसालै भारतीय सेनाध्यक्षले नेपालको सार्वभौमसत्ता स्वाधिनता र नेपालको घोषित असंलग्न परराष्ट्र नीतिलाई चुनौति दिंदै नेपाल भारतको पक्षमा न आई सुखै छैन् भन्ने अभिब्यक्ति दिएका छन्, यस प्रति बैठकले क्षोभ तथा भ्रत्सर्ना व्यक्त गरेको छ । त्यस्ता अभिव्यक्ति सार्वजनिक हुँदा नेपाल सरकार मौन रहनु रहस्यपूर्ण छ । यस सम्वन्धमा अविलम्व आफ्नो धारणा सार्वजनिक गरोस् भनी यो बैठक नेपाल सरकारसँग जोडदार माग गर्दछ ।'

## अपराधसंहिता...

आग्रहसमेत गरे । उपचारको क्रममा बिरामीको मृत्यु हुनगएमा ज्यान मारेकोसम्म अभियोग लाग्न सक्ने मुलुकी अपराधसंहिता बनाइए यस्तो अवस्थामा यो एन संशोधन गर्न नेपाल चिकित्सक संघ लागि परेको छ । जेल बिथ आउट बेल अर्थात धरौटी बिना जेल चलान गर्ने व्यबस्था र यसअघि भएको सम्झौता कार्यान्वयनमा ढिला भएको भन्दै यसलाई तत्काल संशोधन गर्न चिकित्सकहरुले माग गरेका छन् । चिकित्स संघ र सरकारबीच भएको सहमति राष्ट्रिय सभाबाट पारित भएको भन्दै यसलाई तत्काल प्रतिनिधि सभाबाट पनि पारित गरिनुपर्नेमा चिकित्सकहरुले जोड दिएका छन् । चिकित्सकलाई अपराधी करार गर्ने खालको कानुनी व्यवस्था नयाँ मुलुकी ऐनमा गरेपछि त्यसको विरोध गरेको नेपाल चिकित्सक संघका महासचिव लोचन कार्की बताउँछन् । नेपाल चिकित्सक संघका अध्यक्ष मुक्तिराम श्रेष्ठले चिकित्सकहरूलाई जेल सजाय दिने कानुनी व्यवस्था हटाउन आग्रह गरे । उनले नयाँ मुलुकी ऐनमा चिकित्सहरूलाई कामै गर्न नदिने व्यवस्था गरेको भन्दै सो व्यवस्था हटाएर उपयुक्त नीति तय आग्रह गरे ।

चिकित्सकहरूले अपराधी सरह जेल सजाय दिने व्यवस्था कानुनमा भएपछि त्यसको विरोधमा चिकित्सहरु छन् । सरकारसँग सहमति पछि चिकित्सकको आन्दोलन रोकिए पनि सरकारले ऐन संशोधनमा ढिला गर्ने हो भने चिकित्सक फेरि आन्दोलनमा उत्रिने संघका महासचिव लोचन कार्कीको भनाइ छ । कार्यक्रममा नेपाली काँग्रेसका नेतापूर्व अर्थमन्त्री डा. रामशरण महत, नेपाल विद्यार्थी संघका अध्यक्ष नैनसिंह महरले बिना सर्त चिकित्सकहरुले उठाएको माग सम्बोधन गर्न र ऐन संशोधन गर्न सरकारसँग आग्रह गरे ।

तर सरकार र चिकित्सक संघबीच भएको भनिएको सहमतिमा स्वास्थ्य संस्थामा तोडफोड गर्ने र चिकित्सकलाई हातपात गर्नेलाई धरौटीमा रिहा नगर्ने गरी पक्राउ गर्नुपर्ने तथा हेलचेक्र्याइँ वा लापरबाही भएको विषयमा सम्बन्धित काउन्सिलले छानबिन गरेर प्रतिवेदन बुझाएपछि मात्र आवश्यक कारबाही अघि बढाउने सहमति भएको त्यसलाई यथासिघ्र सरकारले कानुन बनाई चिकित्सकहरुको हकहितका लागि सरकारले दायित्व लिनुपर्नेमा नेपाली काँग्रेसका युवा नेता एवम् नेपाल विद्यार्थी संघका पूर्वअध्यक्ष रन्जीत कर्णले बताए ।

## नेपालमा बढ्दै...

छन् । उद्योग विभागका अनुसार साना, मझौला, ठूला सबै स्तरका परियोजनामा चिनियाँ लगानी बढ्दै गएको पाइएको छ ।

गत वर्षको कुल वैदेशिक लगानी प्रतिबद्धतामा अधिकांश हिस्सा चीनको छ । विभागको तथ्यांक अनुसार गत वर्ष ४३ देशबाट ६१ अर्ब ३० करोड रुपैयाँ बराबर लगानी गर्ने प्रतिबद्धता आएकोमा ५० अर्ब चीनको मात्रै छ । दोस्रो नम्बरको भारतबाट पाँच अर्ब ४० करोड रुपैयाँ र बाँकी प्रतिबद्धता अरु ४१ देशबाट आएको छ । गत वर्ष चीनबाट आएको कुल लगानी प्रतिबद्धतामध्ये चीनको स्वशासित क्षेत्र हङकङबाट झन्डै एक अर्ब १० करोड र ताइवानबाट दुई करोड छ । १० वर्षअघि चीनबाट एक अर्ब ४० करोड रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको थियो । त्यसयता चीनबाट लगानी प्रतिबद्धता आउने क्रम तीव्र गतिमा बढ्दै गएको देखिन्छ । नेपालमा चिनियाँ लगानीकर्ताको आकर्षण उल्लेख्य वृद्धि भएको छ । चिनियाँहरु सिमेन्ट उद्योग, जलविद्युत, हर्बल उद्योग, होटल तथा केही उत्पादनमूलक उद्योगमा लगानी गर्न उत्सुक छन् ।

ठूलो स्तरको लगानी प्रतिबद्धता आएको परियोजनामा रसुवामा १० मेगावाट जलविद्युत् उत्पादनका लागि स्वदेशी ७५ प्रतिशत र अमेरिकी २५ प्रतिशत सेयर रहने गरी ४१ करोड ६८ लाखको प्रतिबद्धता आएको छ । चीनको सिचुआन तियानयी समूहले एक अर्ब ३३ करोड लगानीमा नवलपरासीमा सिमेन्ट उद्योग खोल्ने प्रतिबद्धता जनाएको छ । चिनियाँ सेनोङ हर्बल मेडिसिन कम्पनीले मकवानपुरमा एक अर्ब ७६ करोड लगानीमा औषधि उद्योग खोल्ने प्रतिबद्धता जनाएको छ।

चीनको सिल्क रोड मिनेरल्स इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्टले सोलुखुम्बुमा अर्ब रुपैयाँ लगानीमा मिनेरल उद्योग खोल्ने तयारी गरेको छ । चीनकै हार्मोनी हस्पिटालिटीले काठमाडौंमा ४५ करोड लगानीमा होटल खोल्ने प्रस्ताव ल्याएको छ । यसअघि लगानी प्रतिबद्धता जनाउनेमा पहिलो नम्बरमा रहेको दक्षिणी छिमेकी भारतबाट आउने प्रतिबद्धता गत वर्ष खासै बढेको देखिँदैन ।

## नेपालको...

पनि १२.४ प्रतिशतबाट झरेर ८.८ प्रतिशतमा सीमित भएको थियो । आर्थिक वृद्धि घटे पनि विगत वर्षहरुको तुलनामा प्रगति भएको देखाएको छ । यस वृद्धिलाई निर्वाचनपछिको अपेक्षित राजनीतिक स्थिरता, राम्रो मनसुन र ठूला आयोजनाहरुको तीब्र कार्यान्वयनका लागि प्रयासहरूले भरथेग गर्ने अपेक्षा एडिबीको छ । विद्युत् आपूर्तिको उपलब्धतामा वृद्धि र उत्पादनमूलक र निर्माणका गतिविधिमा सम्भाव्य विस्तारका कारण आव२०७५/७६ मा औद्योगिक क्षेत्रमा ७.२ प्रतिशतको वृद्धि हुनेछ, जुन अघिल्लो वर्षको ८.८ प्रतिशतभन्दा कम हो । एडिबीले मुद्रा स्फितिको दरमा भने कमी आएको देखाएको छ । आव २०७४/७५ मा सरदर वार्षिक मुद्रास्फीति अघिल्लो वर्षको ४.५ प्रतिशतबाट ४.२ मा झरेको एडिबीले जनाएको छ । बढ्दो व्यापार घाटा र घट्दो खुद आम्दानीले आगामी वर्षहरुमा चालू खाता घाटालाई अझ फराकिलो बनाउनेतर्फ एडिबीले सचेत गराएको छ ।

## अब...

माडागास्करको औपचारिक नाम गणतन्त्र माडागास्कर हो र यो हिन्द महासागरमा अवस्थित द्वीप मुलुक हो । माडागास्कर विश्वकै चौथो ठूलो द्वीप हो । यसको राजधानी अन्तनानरिभो हो र यस मुलुकमा सन् २०१६ मा दुई करोड ४८ लाखभन्दा बढी जनसङ्ख्या भएको अनुमान गरिएको थियो ।

## नेपालले रुवान्डाबाट...

हुटुभन्दा केही समय पछाडि रुवान्डा पसेका थिए टुटसीहरु । दुवै जातिबीच धर्म संस्कृतिमा समानता थिए । अघि र पछि गरेर रुवान्डा छिर्नु मात्र केवल असमानता थियो । रुवान्डाको वास्तविक बासिन्दा आफूहरु भएको हुटुहरुको दाबी थियो । हुटु र टुट्सी दुवै जातिको धर्म र संस्कृति एउटै भएकाले विवाह समेत चल्थ्यो । तर यी दुई जातिबीच द्वन्द्व सिर्जना गरिदियो जातीय परिचयपत्रले । बेल्जियमले रुवान्डामा जातीय द्वन्द्व खडा गरेर आफ्नो उपनिवेश टिकाउने खतरनाक रणनीति लिएको थियो ।

दोस्रो विश्वयुद्धपछि रुवान्डा बेल्जियमको उपनिवेशबाट मुक्त भयो । रुवान्डाको स्वतन्त्रतापछि त्यहाँको टुट्सी जातिको राजतन्त्रको पनि अन्त्य भयो सन् १९५९ मा । राजतन्त्रको अन्त्यपछि पावर भ्याकुममा हुटुहरुले टुट्सीको स्थान लिए । हुटु जातिका राष्ट्रपति जुभेनल हवायरी मना (किनानी) एक विमान दुर्घटनामा मरेपछि टुट्सी जातिमाथि हत्या षड्यन्त्रको आरोप लगाइयो । हुटुहरुले टुट्सी जातिको झन्डै सफाय नै गरे । हुटु शासकहरुले सन् १९९४ मा १२ लाख टुट्सीहरुको निर्मम हत्या गरे । टुट्सी महिलाहरुलाई बलात्कार गर्ने र यौनदासी बनाउने समेत काम गरे । ८० लाख जनसंख्या थियो त्यसबेला रुवान्डामा । तर यस जातीय युद्धमा टुट्सी जाति विजयी भए । हुटु जातिको सत्ता ढल्यो । सय दिनको त्यो युद्ध संसारकै भयावह जातीय युद्ध मानिन्छ ।

चौबीस वर्षपहिले विश्वले कहिल्यै भुल्न नसक्ने जातीय गृहयुद्धले तवाह भएको रुवान्डा अहिले विकासशील राष्ट्रको सूचीमा पर्छ । राष्ट्रपति पल कागमेले रुवान्डालाई अहिले अफ्रिकाकै आँखाको नानी बनाएका छन् । केही समय अघि मात्र चिनियाँ राष्ट्रपति सी जिन पिङ र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले रुवान्डाको भ्रमण गरेका थिए । राष्ट्रपति कागमे शक्तिशाली राष्ट्रहरुका प्रमुखहरुले समेत भेट्नैपर्ने व्यक्ति भएका छन् । कागमे क्यानडामा भएको जी-८ राष्ट्रको भेलामा सहभागी भए । रुवान्डा ब्रिटेनको उपनिवेश नभए पनि कमनवेल्थ राष्ट्र बनेको छ । सन् २०२० मा कमनवेल्थ राष्ट्राध्यक्षहरुको शिखर सम्मेलन रुवान्डाको राजधानी किगालीमा हुँदैछ ।

रुवान्डा अफ्रिकी महाद्वीपकै कन्फरेन्स गन्तव्यका रुपमा चिनिएको छ । रुवान्डाले ४० अर्ब रुपैयाँ खर्च गरेर कन्फरेन्स हल बनाएको छ । रुवान्डा सुरक्षाका दृष्टिकोणले अब्बल देश मानिन्छ । हवाई सेवा विस्तारका कारण विश्वका ठूलठूला कन्फरेन्स रुवान्डामा हुने गरेका छन् । रुवान्डाले पर्यटनबाट वार्षिक ४५ अर्ब रुपैयाँ कमाउँछ, २ लाख पर्यटकबाट यति धेरै रकम कमाउनु सानो उपलब्धि होइन । नेपालमा रुवान्डामा भन्दा पाँच गुणा बढी पर्यटक आउँछन् तर वार्षिक ५८ अर्ब रुपैयाँ मात्र कमाइ हुन्छ ।

रुवान्डा पहिले फ्रान्सको अधिनमा रहेका राष्ट्रहरुको समूह (फ्रान्कोफाँ) राष्ट्रहरुको अध्यक्ष पदको दाबेदारी प्रस्तुत गरिरहेको छ । फ्रान्ससँग रुवान्डाको सम्बन्ध यसअघि चिसिएको थियो । फ्रान्समा नयाँ राष्ट्रपति म्याक्रोन आएपछि रुवान्डा फ्रान्स सम्बन्ध राम्रो भएको छ । रुवान्डा संसारको उदाउँदो शक्ति राष्ट्रका रुपमा आफूलाई चिनाउन खोज्दैछ । नागरिकहरुको आय त्यति धेरै नभए पनि मितव्ययी बन्न सरकारले सिकाएको छ । ऋण खोजेर भोजभतेर गर्दैनन् रुवान्डाका जनता । नेपाल विश्वमा भाडाका कामदार जन्माउने देशका रुपमा चिनिन्छ । तर रुवान्डाको सरकारले आफ्ना नागरिकलाई विदेशमा काम गर्न जान प्रोत्साहित गर्दैन । त्यहाँ नेपालका जस्ता मानव व्यापार गर्ने मेनपावर व्यवसाय सञ्चालन गर्न निषेध गरिएको छ । आफ्नै देशमा पसिना बगाउन रुचाउँछन् रुवान्डाबासी ।

पर्यावरणप्रति रुवान्डाली सरकार एकदमै सचेत छ । बाटाहरु ऐना जस्तै टलक्क टल्किएका देखिन्छन् । फोहोर व्यवस्थापन यस्तो गरिएको छ बाटा चोक या पार्कहरुमा प्लास्टिक वा कागजका टुक्रा देख्न पाइँदैन । रुवान्डाले प्लास्टिकमाथि पूर्ण प्रतिबन्ध लगाएको छ । रुवान्डामा धूवाँ र धूलो त देख्न पनि पाइँदैन । यातायातका सवारी साधनहरु युरो मापदण्डका छन् । यहाँ जस्तो बीसवर्षे थोत्रा गाडी चलाउन सरकार मोलमोलाई गर्दैन । विद्युतीय सवारी साधनमा सरकारले जोड दिइरहेको छ । आय कम, क्षेत्रफल र जनसंख्यामा सानै भए पनि रुवान्डाले विकास र समृद्धिमा छलाङ मारेको छ । नागरिक सुरक्षाको जिम्मेवारी सरकारले लिएको छ । हत्या, बलात्कार, चोरी, गुण्डागर्दीका समाचारहरु त्यहाँ सुनिँदैनन् । जबकि नेपालमा दैनिक हत्या र बलात्कारका घटना घटिरहेका छन् । रुवान्डाका सुरक्षाकर्मीका सामु कस्तै अपराधी पनि उम्कन सक्दैनन् । तर नेपालमा सुरक्षाकर्मी नै अपराधमा दोषी ठहरिरहेका छन् ।

रुवान्डाका राष्ट्रपतिले आफन्त वा नातेदारलाई जिम्मवारीका कुनै पनि पदमा राखेका छैनन् । त्यहाँ योग्यता र दक्षमतालाई हेरेर जागिर दिइन्छ न कि यहाँको जस्तो पार्टी र फरिया नाता हेरिन्छ । शिक्षा, स्वास्थ्य, खाद्यान्न, लत्ताकपडामा रुवान्डा आत्मनिर्भर भइसकेको छ । विदेशबाट त्यहाँको सरकारले विलासी वस्तुहरु आयात गर्दैन । न त नेपालले जस्तो विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोषसँग ऋणको याचना गर्छ रुवान्डाले । राजधानी किगालीमा मानिसहरु रातभर निष्फिक्री हिँडडुल गर्छन् । रुवान्डामा भनसुनको राजनीति चल्दैन । यहाँका नेता र पार्टीले जसरी पैसाको बगावत चुनावमा गर्दैनन् त्यहाँका नेता र दल । रुवान्डामा सुशासन र नागरिक सुरक्षा लोभलाग्दो छ । ६० अर्ब रुपैयाँको सांस्कृतिक पर्यटन स्थलको बीस वर्षे काम भइरहेको छ त्यहाँ । अमेरिकासँग सिधा हवाई सम्पर्क गर्दैछ रुवान्डाले । पाँच वर्षपछि रेल्वे सेवा सुरु हुँदैछ । रेलसम्बन्धी कोर्स विद्यार्थीहरुलाई पढाउन थालिएको छ । प्रधानमन्त्री केपी ओली पानीजहाज र रेलका सपना बाँढ्छन् मनोरेल र स्मार्टसिटीका कुरा गर्छन् । तर देश भ्रष्टाचारले जर्जर छ । भौतिक पूर्वाधारका निर्माणका काम शून्य बराबर छन् । अनि कहिले हुन्छन् नेपाली सुखी अनि समृद्ध नेपाल ?

## चीनले...

नै रहने बताएका थिए । नेपालको आर्थिक गतिविधिमा भारत मुख्यकर्ता भएको भन्दै भारतको गुणगान गाएका थिए । अन्तर्वार्ताकै क्रममा उनले आफू दुई वर्षपछि प्रधानमन्त्री हुने भन्दै एमालेसँगको एकीकरण बेला भएको सहमति खुलस्त पारेका थिए । एमालेले सहमति पालना नगरे त्यसको निर्णय त्यतिबेलै लिने बताएका थिए । भारतले नेपालका वेटिङ प्राइमिनिस्टरका रुपमा प्रचण्डको राम्रै स्वागत गऱ्यो । चार दिने दिल्ली भ्रमण सकेर काठमाडौं फर्किएपछि नेताहरुको मुक्तकण्ठले प्रशंसा गरेका थिए । पार्टीलाई जानकारी नै नदिई उनी भारत भ्रमणमा गएका कारण उनको भ्रमणलाई राजनीतिक क्षेत्रले अर्थपूर्ण रुपमा हेरेको थियो ।

प्रचण्ड भारत भ्रमणबाट फर्किएर चीन भ्रमणमा गए भदौ ३० मा । भारतमा जस्तो चीनमा उनको भव्य स्वागत भएन । जतिखेर प्रचण्ड बेइजिङ पुगेका थिए, चिनियाँ राष्ट्रपति सी जिन पिङ सी डाभोस फोरममा आउने राष्ट्राध्यक्षहरुको स्वागतमा व्यस्त थिए । चिनियाँ राष्ट्रपतिले पाकिस्तानी सेना प्रमुख कमर जावेद बाजवालाई भेट दिए । तर प्रचण्डलाई भेट्न समय निकालेनन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको कुराकानी चिनियाँ राष्ट्रपतिलाई सुनाउने प्रचण्ड इच्छा अधुरै रह्यो । भारतका कार्यकारी प्रमुखले प्रचण्डको स्वागत गर्नु र चीनका कार्यकारी प्रमुखले वास्ता नगर्नु नेकपाको कूटनीतिक कमजोरी भन्दा पनि चीनले प्रचण्डलाई महत्व नदिएको बुझ्न सकिन्छ ।

चीन निकट ठानिने सभामुख कृष्णबहादुर महरा, नेपालका लागि चीनका राजदूत र चीन समर्थक केही पत्रकारहरु परिचालन गरी प्रचण्डले बल्लतल्ल उपराष्ट्रपति वाङ छिसानसँग भेट गरे । चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभाग प्रमुख सोङताओले पनि प्रचण्डलाई भेट दिए । प्रचण्डको ट्रान्जिट प्वाइन्ट ग्वान्झाउ थियो । नान्चिङमा अन्तर ाष्ट्रिय शान्ति स्मृति दिवसको आयोजना गरिएको थियो । ग्वान्झाउमा त्यहाँको कम्युनिस्ट पार्टीका अन्तर्राष्ट्रिय उपमन्त्री को यचौले प्रचण्डसँग भेट गरे । उनी टिसर्ट लगाएर प्रचण्डलाई भेट्न आइपुगे । चिनियाँहरु विदेशी पाहुनाको स्वागतमा कहिल्यै हेलचेक्र्याइँ गर्दैनन् । औपचारिक पोसाकमा विदेशी पाहुनाको स्वागत गर्ने परम्परा छ चीनमा । तर को यचौले टिसर्टमा प्रचण्डको स्वागत गर्नु 'तिम्रो यहाँ काम छैन' भनेर संकेत गर्नु नै हो ।

चिनियाँ राष्ट्रपतिको त कुरै छोडौं चिनियाँ प्रधानमन्त्री, विदेशमन्त्री समेतले प्रचण्डलाई भेट्न चाहेनन् । भारतमुखी प्रचण्ड स्वभावका कारण चीनले उनलाई वास्ता नगरेको कूटनीतिकवृत्तको बुझाइ छ । प्रचण्डले भने आफ्ना निकटस्थहरुसँग नेकपाकै केही नेताहरुका कारण आफूले चिनियाँ राष्ट्रपतिलाई भेट्न नपाएको गुनासो गरेका छन् ।